- खेतबारी तथा उर्वर भूमिलाई बाँझो नराखौं ।
- भूमिको अधिकतम उपयोग गरौं ।
- कृषिलाई आत्मनिर्भर मात्र होइन व्यावसायिक बनाऔं ।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रलाई टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ माघ २५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 February 08 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६४

## नारायणी अस्पतालको स्तरोन्नति हुँदै

नितेश कर्ण, वीरगंज, २४ माघ/

नारायणी अस्पताललाई विशिष्ट विशेषज्ञ अस्पतालमा स्तरोन्नति गर्ने स्वास्थ्य मन्त्रालयको नीति अन्तर्गत अहिले भौतिक निर्माणका काम शुरू भएको छ।

अस्पतालमा कार्डियाक सुपर स्पेशल भवनको निर्माण कार्य शुरू छ। हिमडुङ एन्ड थोकर/चौधरी जेभीले लागत मूल्य १७ करोडमा २३.४० प्रतिशत कम दर अर्थात् १३ करोड ७ लाखमा ठेक्का सकार गरी काम शुरू गरेको सघन शहरी तथा भवन निर्माण आयोजना, पर्साका इन्जिनीयर विवेक नेपालले बताए। उनले गत असार २८ गते ठेक्का सम्झौता भएको र दुई वर्षमा काम सम्पन्न गर्ने गरी ठेकेदार कम्पनीले कार्य गरिरहेको बताए।

कार्डियाक सुपर स्पेशल भवन निर्माणस्थलमा पुराना दुईवटा आवासगृह रहेकाले अहिले सो आवासगृह भत्काएर निर्माण कार्य भइरहेको नेपालले जानकारी गराएका छन्।

यसैगरी, दुई सय शय्याको कोभिड अस्पतालको निर्माण कार्य पनि शुरू हुन लागेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले बताए। पहिलो चरणमा ७० शय्या गरी तीन चरणमा तीन तले कोभिड अस्पताल निर्माण हुने उनले बताए। पहिलो चरणको लागत रु तीन करोड रहेकोमा ठेकेदारले दुई करोड २५ लाखमा ठेक्का सकार गरे पनि माटो परीक्षण गर्दा तोकिएको ठाउँमा भवन निर्माण जोखिमपूर्ण हुने भन्दै अहिले ठेकेदार कम्पनीले सकार गरेको मूल्यमा ७० प्रतिशत लागत स्टिमेट बढाएर मागदाबी गरेकोले सो सम्बन्धमा प्रदेश सरकारसँग पहल भइरहेको निमित्त मेसु डा प्रधानले बताए।

अस्पतालमैं आकस्मिक कक्षको निर्माण पनि अविलम्ब शुरू हुने उनले जानकारी गराए। हाल ओपिडी सेवा रहेको स्थानमा आकस्मिक कक्षको लागि नयाँ भवन निर्माण हुने उनले बताए। एडिबीको सहयोगमा आकस्मिक भवन निर्माण हुन लागेको हो। यसको लागि ठेक्का भइसकेको छ र हालै स्थान पनि निर्धारण भएको र चाँडै काम शुरू हुने बताए।



१) कार्डियाक सुपर स्पेशल भवन निर्माण भइरहेको स्थल, २) थन्किएको अक्सिजन प्लान्ट र ३) निमित्त मेसु डा प्रधान, डा सिंह र इन्जिनीयर नेपाल। तस्वीरः प्रतीक

**एउटा मात्र अक्सिजन प्लान्ट सञ्चालन**

नारायणी अस्पतालमा अहिले तीनवटा अक्सिजन प्लान्ट जडानको योजना रहे पनि एउटा मात्र सञ्चालनमा आएको छ। सांसद विमलप्रसाद श्रीवास्तवले आफ्नो संसदीय विकास कोषबाट स्थापना गरेको टिएसए अक्सिजन प्लान्ट उद्घाटन भएपनि अहिलेसम्म सञ्चालनमा आउन सकेको छैन। निमित्त मेसु डा प्रधानले पाँच सय केभिएको ट्रान्सफर्मरको अभावमा शुरूमा प्लान्ट सञ्चालनमा आउन नसकेपछि सूर्य नेपालले सो ट्रान्सफर्मर उपलब्ध गराउँदा पनि अस्पतालको पुरानो विद्युत् वायरिङका कारण सञ्चालनमा आउन नसकेको बताए। उनले नयाँ वायरिङका लागि ४० लाख रुपैयाँ लाग्ने र सो कार्य सम्पन्न भएपछि अक्सिजन प्लान्ट सञ्चालनमा ल्याउँदा जोखिममुक्त हुने प्राविधिक सल्लाह अनुसार सोहीअनुरूप कार्य भइरहेको जानकारी गराए।

विदेशी संस्था एसएचआईले उपलब्ध गराएको लिक्विड अक्सिजन भने अहिले सञ्चालनमा छ।

यसैगरी, कोभिड अस्पताललाई लक्षित गरेर पनि अक्सिजन प्लान्ट अस्पताललाई उपलब्ध भएको र कोभिड अस्पताल सञ्चालन भएपछि सो संयन्त्र सञ्चालनमा ल्याउने निमित्त मेसु डा प्रधानले बताए।

**सिटी स्क्यान एक सातापछि सञ्चालन हुने**

नारायणी अस्पतालमा सिटी स्क्यान एक सातापछि सञ्चालनमा आउने भएको छ। अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले स्वास्थ्य मन्त्रालयबाट नयाँ सिटी स्क्यान मेशिन उपलब्ध भएको र सोको अहिले परीक्षण भइरहेको र एक सातापछि सञ्चालनमा आउने बताए। उनले यसअघि उपलब्ध सिटी स्क्यान सञ्चालन नै नभएर बिग्रिएको र त्यसको पार्टपुर्जा चोरी भएको बताए।

तीन वर्षअघि अस्पतालमा आएको सिटी स्क्यान सञ्चालनमा नआई नै बिग्रिएको र हाल त्यसको पार्टपुर्जा चोरी भएको उनले बताए। डा सिंहले सञ्चालनमा आउन लागेको सिटी स्क्यान यो क्षेत्रमैं सबैभन्दा अत्याधुनिक भएको दाबी गरे। उनले बजार मूल्यभन्दा रु एक हजार कम शुल्कमा अस्पतालमैं सिटी स्क्यान हुने बताए।

यसैगरी, उनले अस्पतालले स्वास्थ्य मन्त्रालयसँग एमआरआई मेशिन माग गरिरहेको र केही महीनामैं सो उपलब्ध भएर सञ्चालनमा आउने बताए।

## सर्भिस लेनको कालोपत्र भएन एक अर्बको आयोजना अलपत्र

प्रस, परवानीपुर, २४ माघ/

पर्सा, बारासम्म फैलिएको गण्डक नहरको सर्भिस लेनमा दुई लेनको कालोपत्र गर्ने काम अलपत्र परेको छ। निर्माणको ठेक्का पाएको दिवा निर्माण सेवा, काठमाडौंले तीस महीनामा पनि काम सम्पन्न गरेको छैन।

पर्सा, बारासम्म ६२ किलोमिटर लम्बाइ र सात मिटर चौडाइमध्ये पाँच मिटर चौडाइमा डिबिएसटी कालोपत्र गर्ने आयोजनामा ठेकेदारको चरम लापरवाहीले सो आयोजना सम्पन्न हुन ढिला भइरहेको छ। पर्साको जानकीटोलादेखि बाराको अरुवा खोलासम्म २४ महीनाभित्र काम सम्पन्न गर्ने गरी सन् २०१९ जनवरीमा ठेक्का सम्झौता भएको थियो। सोही वर्ष फेब्रुअरीदेखि काम शुरू गर्ने भनिए तापनि पछिल्लो दुई वर्षको कोरोनाकालमा ठेकेदारले लक्ष्य अनुसार कालोपत्र गर्न नसकेको हो।

अहिले ६२ किलोमिटरमध्ये बारा जिल्लामा ९ किलोमिटर मात्र कालोपत्र भएको ठेकेदार कम्पनीले जनाएको छ। अर्थात् आयोजनाको काम २५ प्रतिशतभन्दा कम भएको देखिएको छ। दिवा निर्माण सेवाले सडक विभाग अन्तर्गत सडक सुधार तथा विकास आयोजना (आरआइडिपी) अन्तर्गत भारत सरकारको एक अर्ब १२ करोड ऋण सहयोगमा निर्माण भइरहेको उक्त सडकको काम आफैं नगरी सर्लाही, धनकौलको रवि कन्स्ट्रक्शनलाई पेटी कन्ट्र्याक्टमा काम गर्न दिएको छ, जसले गर्दा काममा ढिलाइ भइरहेको छ।



तस्वीरः प्रतीक

सर्भिस लेन र पर्सा तथा बारामा गण्डक नहरको अवस्था। तस्वीरः प्रतीक

दिवा निर्माण/शिवालय जेभीले डिबिएसटी कालोपत्र चीसो मौसममा नहुने भएकोले गर्मी मौसमको पर्खाइमा रहेको बताएको छ। "डिबिएसटी चीसो मौसममा हुँदैन, त्यस कारण दुई वर्षमा लगभग एक वर्ष ढिलाइ भएको हो। आगामी फागुनमा गर्मी बढेपछि कालोपत्रको काम हुनेछ," ठेकेदारका प्रतिनिधिले बताए। पेटी कन्ट्र्याक्टमा काम गरिरहेको रवि कन्स्ट्रक्शनका इन्जिनीयर राकेश रजकका अनुसार छ महीना म्याद थप भएको र आगामी सेप्टेम्बरसम्म काम सम्पन्न हुने बताए।

बारा-पर्साको गण्डक नहरको सर्भिस लेन कालोपत्र हुने भएपनि सो सडकखण्डमा रहेका करीब २२ वटा पुल क्षतिग्रस्त अवस्थामा छन्। जसमध्ये सडक डिभिजन कार्यालय, निजगढले चारवटा पुलको यसै वर्ष ठेक्का प्रक्रिया अगाडि बढाएको छ। पर्साको जानकीटोलादेखि महुवनसम्म ओरिया, सिक्टालगायत चारवटा खोलामा नयाँ पुल निर्माणको लागि ठेक्का गर्न लागेको र ठेक्का प्रक्रिया पूरा भएपछि यसै वर्षदेखि काम शुरू हुने कार्यालयले जानकारी दिएको छ।

## भारतले निर्यातमा प्रतिबन्ध लगाएपछि अर्बौं घाटा

प्रस, परवानीपुर, २४ माघ/

भारत सरकारले प्रशोधित तेल निर्यातमा अङ्कुश लगाउँदा नेपाली तेल तेलको मूल्य सस्तो हुने भएकोले भारतीय विक्रेताहरूले नेपालको तेल खरीद गर्न छाडेका हुन्। जसले गर्दा नेपालबाट निर्यात हजार टनभन्दा बढी कच्चा तेल प्रशोधन गरेर बिक्री गर्दा अर्बौं रुपैयाँ घाटा बेहोरेर कारोबार गर्नुपरेको बताए। पहिले दिनकैं



तेल भारत निर्यात हुँदै र प्रशोधित तेल कारोबारबारे जानकारी गराउँदै सञ्चालक नारायण रूँगटा। तस्वीरः प्रतीक

उद्योगीहरूलाई पछिल्लो छ महीनामा अर्बौं रुपैयाँ घाटा भएको छ।

भारत सरकारले विभिन्न चरणमा सोयाबिन, पाम र सनफ्लावर तेलको निर्यात महसूल ५५ प्रतिशतबाट घटाएर साढे सात प्रतिशतमा झारेपछि अहिले नेपालबाट हुने निर्यात शून्यमा झरेको छ भने भारतीय व्यवसायीलाई विदेशबाट कच्चा पदार्थ आयात गर्ने ढोका खुलेको छ। नेपालबाट भारत निर्यात हुने प्रशोधित तेलभन्दा भारतमैं उत्पादित प्रशोधित हुने प्रशोधित तेलको परिमाण दिनानुदिन घट्दै गएको र कच्चा पदार्थ आयात गरी प्रशोधन गरिएको तेल घाटा बेहोरेर बिक्री गर्नुपरेको व्यवसायीहरूले बताएका छन्।

वीरगंजको रूँगटा समूहको तेल र पिना उत्पादन गर्ने उद्योग ओसिपी फूड्स एन्ड फिड्स प्रालि, चैनपुरका सञ्चालक नारायण रूँगटाले गत अक्टुबरदेखि हालसम्म नेपाली उद्योगीहरूलाई किलोमा १५ देखि ३० रुपैयाँ घाटा बेहोर्नुपर्दा ६० चौधवटा गाडीभन्दा बढी प्रशोधित तेल उनको उद्योगबाट भारत निर्यात हुन्थ्यो भने अहिले तीन-चार गाडी तेल जाने गरेको छ। एउटा गाडीमा १७-२५ टन तेल भारत जान्छ।

पहिले भारु ११५ प्रतिकिलोको दरमा भारत तेल निर्यात हुन्थ्यो भने अहिले भारु १०० को दरमा पुरानो अर्डर अनुसार तेल निर्यात भइरहेको उनले जानकारी दिए। गत अक्टुबर १४ मा भारतीय

(बाँकी अन्तिम पातामा)

## दुर्घटनामा आमा-छोरीको मृत्यु

प्रस, सेढवा, २४ माघ/

मोटरसाइकल दुर्घटनामा परी जीराभवानी गाउँपालिका-४ निवासी आमा-छोरीको मृत्यु भएको छ। सुपौलीबाट जगरनाथपुरतर्फ जाँदै गरेको ना.५५प ७५२८ नम्बरको मोटरसाइकलमा सवार २६ वर्षीया दिव्या चौधरी र उनको दुई वर्षीया छोरीको मृत्यु भएको प्रहरीले जनाएको छ।

हिजो आइतवार दुर्घटना भएको थियो। ससुरा रामअवधेश थारूले चलाएको मोटरसाइकलमा आमा-छोरी सवार थिए। मोटरसाइकलचालक थारू घाइते भएका छन्। विपरीत दिशाबाट आएको ना.४त ८१४६ नम्बरको ट्याक्टरसँग ठोक्किर दुर्घटना हुँदा आमा-छोरीको घटनास्थलमैं मृत्यु भएको प्रहरी चौकी, सुपौलीले जनाएको छ।

ट्याक्टरचालक जगरनाथपुर गाउँपालिकाको लक्ष्मीपुर निवासी सुरेन्द्र महरा चमार र ट्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

**घरजग्गा चाहियो ?**

वीरगंज-सिमरामा घरजग्गा चाहिएमा ९८४४२६४४२८ मा सम्पर्क गरौं।

## विचारसार र सूक्तिहरू

**सपनालाई यथार्थमा बदल्न समय लाग्छ, लक्ष्य प्राप्त गर्न धेरै समय लाग्छ, जीवन सपार्न जवानी व्यतीत हुन्छ र जीवन व्यतीत हुन्छ सम्बन्ध निर्वाह गर्न ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# नियतले नीतिलाई सघाउँछ

**जतिसुकै राम्रो नीति बनाउँ, नियत ठीक छैन भने केही लछारपाटो लाग्दैन । नीति भनेको पद्धति पनि हो । कुनै काम गर्ने पद्धति, मार्ग निर्देशक सिद्धान्त । जुन काम गर्दा देश, समाज र जनतालाई लाभ हुन्छ, त्यो कुनै पनि सरकारको प्रमुख दायित्व हुन्छ । प्रमुख दायित्व भनेको आजको युगमा गाँस, बास, कपासको उपलब्धता हो, जसको पूर्णता अधिकांश मानिसले पाएका छन् । अब प्राथमिकता हो–गुणस्तरीय जीवन, इच्छानुसार काम, माम र दाम । कुरो यही आएर अडिन्छ । इच्छानुसार काम, माम र दाममा आएर नीति र नियतमा विरोधाभास उत्पन्न हुन्छ । यो हामीकहाँ जताततै देखिन्छ । सरकारले गाँजा नरोप भन्छ, लगाएको बाली नष्ट पनि गर्छ तर गाँजा रोप्ने आँट कसैले नगरोस् भनेर जुन जग्गामा गाँजा रोपिन्छ, त्यसको जग्गाधनीलाई कहिल्यै कारबाई गर्दैन । यो नियतमा खोट हो । त्यसैगरी हरियो वन नेपालको धन भनिन्छ, तर वन संरक्षणको नीतिविपरीत फर्निचर उद्योग र समिलहरू जङ्गलछेउ खोल्न कुनै आपत्ति गरिंदैन । जनतालाई इन्धन र काठको आवश्यकता हुन्छ, तर चाङका चाङ काठ वन कार्यालयमा कुहिरहन्छ । अनि वन विनाशको विकल्प के हुन्छ ? नियत नै खोटो छ भने नीति बनाएर के गर्नु ?**

**कथा यतिमैं सीमित हुन्न । यस्ता कथाहरू नेपालमा हुने प्रत्येक वैध र अवैध काममा देखापर्छ । देशमैं श्रम गर्ने जनशक्तिलाई विदेश पठाइन्छ, विप्रेषणबाट देश अघि सरोस् भनेर, तर प्रत्येक दिन तिनको मृत शरीर उतै कुहिन्छ वा देश फर्कन्छ, त्यसका लागि जिम्मेदार म्यान पावर कम्पनीलाई कारबाई गरिंदैन । जुन काम वैध हुन्छ, त्यसमा हजारौं छेको हालिन्छ, जुन अवैध हुन्छ त्यो अवरोधविना जारी रहन्छ । कुनै व्यापारीले इमानदारीपूर्वक सामान आयात गरेको छ भने भन्सार पास हुन हण्डर खानुपर्छ, तस्करीका सामान भने कुनै मेशीनको पिस्टनजस्तै तीव्र गतिमा, विनारूकावट चलिरहन्छ । जुनसुकै सरकारी कार्यालयमा जाली–फटाहाहरूको काम तत्क्षण सम्पन्न हुन्छ, चाहिने काम कि हुँदैहुँदैन, वा वर्षौं लाग्छ । नागरिकले बनाएको सरकार यति नागरिकविरोधी छ कि दैवयोगले कुनै अप्ठ्यारो परेर सरकारी काममा विलम्ब भएको छ भने तत्काल जरिवाना असुल तिर्नुपर्छ तर कर्मचारीले जनताको नियमसङ्गत काम गर्न विलम्ब गर्दछ भने उसमाथि कारबाई गर्न कुनै प्रावधान तय गर्दैन । जनताको काम छिटो–छरितो गरिदिनु सरकारी संयन्त्रको मूल धर्म हो, तर सरकारी सेवा विनादक्षिणा, विनाबिन्तिभाउ हुन्छ भन्ने कल्पना पनि गर्न सकिन्न ।**

**सरकारको नीति र नियतका धेरै कथाहरू यस आलेखमा पटकपटक दोहोऱ्याइसकिएको छ । तर निचोड एउटै 'जहाँ बेदर्द हाकिम है वहाँ फरियाद क्या करना' भनेजस्तो भएको छ । चोरलाई माला र साधुलाई शूली भन्ने उखान चरितार्थ भएको अवस्थामा नीति निरीह, अबल र हास्यको साधन मात्र बन्न पुग्छ । अन्यथा कसलाई थाहा छैन नेपालमा सत्तामा बसुन्जेल जे ठीक हुन्छ, सत्ताच्युत हुनेबित्तिकै त्यही गलत हुन जान्छ । जब नीति–निर्माताहरू नै देशको सबैभन्दा बढी र सार्थक सेवा गर्ने शिक्षकलाई शिक्षामा कम र राजनीतिमा बढी लाग्न प्रेरित गर्छन्, किसानका छोरालाई विप्रेषणरूपी माछो समाउन चाराजस्तै प्रयोग गर्छन्, कार्यकर्तालाई सबल र नेतृत्वदायी भूमिका दिएर उत्तराधिकारबाट सम्पन्न गर्नेको साटो आज्ञाकारी दास बनाउन अग्रसर हुन्छन्, आफ्नो नियति बनाउने जनता–मतदातालाई नागरिक नै ठान्दैनन् भने त्यहाँ नीतिले के लछार्छ ?**

# कोरोना समयमा विद्यार्थीको शैक्षिक अवस्था र सुधार गर्ने उपायहरू

स्वतन्त्र विचार



शुकदेवप्रसाद चौरसिया

> **आज एउटा देश र राज्यलाई विपद् परेको होइन, सारा विश्व नै कोरोनाको चपेटमा परेको छ । यसबीच दैवी विपत्हरू जस्तैः आगलागी, बाढी, पहिरो, भूकम्प, ज्वालामुखी, युद्धले झनै चुनौती थपिदिएको छ ।**

**क) पृष्ठभूमि :** कोरोना अति सङ्क्रामक सरुवा रोग हो । यसको जन्म सन् २०१९ डिसेम्बर ३१ का दिन चीनको वुहान भन्ने ठाउँमा भएको थियो । यसको वास्तविक नाम कोभिड–१९ हो । जन्मने बित्तिकै उग्ररूप लिएर विश्वभरि तहल्का मचाउँदै फैलियो । यसको रोकथाम गर्ने कुनै खासै औषधि र खोप नभएका कारण सम्पूर्ण जनमानसमा भय र त्रासको वातावरण सिर्जना हुन थाल्यो । १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउने, रुघाखोकी लाग्ने, छाती दुख्ने, सर्दी हुने, नाकबाट पानी खस्ने, दम फुल्ने, सास फेर्न गाऱ्हो हुने, टाउको दुख्ने, थकाइ लाग्ने, खान मन नलाग्ने, खानाको स्वाद नआउने, वस्तुको गन्ध नआउने, फोक्सोमा प्राणवायु अक्सिजनको मात्रा घट्दै जाने, निमोनिया हुने, पटक–पटक हाछ्युँ आउने, वाकवाकी लाग्ने, जीउ दुख्ने, रोग प्रतिरक्षा शक्ति घट्दै जाने, अन्य रोगहरू पनि लाग्न सक्ने बढी सम्भावना बढ्ने र अन्त्यमा मृत्यु पनि हुन सक्ने देखिन्छ ।

रोगी, रोगीका परिवारजन, रोगीका कुरुवा र उपचारमा खटिएका चिकित्सकलाई समेत यो रोग सर्ने भएकोले चौतर्फी डर, भय र त्रासको वातावरण सिर्जना भएको छ । यसबाट बच्न रोगीको सम्पर्कमा नजाने, जानु परे मास्क लगाउने, हात साबुन–पानीले मिचीमिची धुने, सेनिटाइजर लगाउने, हाछ्युँ गर्दा नाक–मुख रुमालले छोप्ने, घरभित्रै बस्ने, बाहिर जाँदा सतर्कता अपनाउने, भीडभाडमा नजाने, दुई मिटरको सामाजिक दूरी कायम गर्ने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने, कफर्च्यू र लकडाउन नियमको पालना गर्नुपर्छ ।

त्यस्तै, तातोपानी पिउने, भोजभतेर विवाह, सभा, समारोहजस्ता भीडभाड हुने कार्यक्रम नगर्ने, तुलसीको पात, बेसार, नून, अदुवा, गुर्जो, मरिच, कागतीको रस पिउने, मृतक रोगीको शरीर होशियारीपूर्वक व्यवस्थापन गर्ने, सार्वजनिक सवारीसाधनको प्रयोग नगर्ने र कोरोनाको लक्षण देखा पर्नेबित्तिकै अस्पताल जानुपर्छ ।

दिनहुँ रेडियो, एफएम, टेलिभिजन, पत्रपत्रिकाले जनचेतना जगाउँदै छन् तर यसको बावजूद पनि रूढिवादी सोच, सङ्कीर्ण विचार, अन्धविश्वास र मलाई केही हुन सक्दैन भन्ने सोचाइ राख्नेहरू यस रोगबाट बढी ग्रसित भएका छन् ।

दैनिकरूपमा विश्वभरि हजारौं मानिस मृत्यु भएको खबरले झन् जनमानसमा भय–त्रासको वातावरण सिर्जना भएको देखिन्छ । रोगको लक्षण देखिने बित्तिकै चिकित्सकको सल्लाह बमोजिम अस्पतालमा भर्ना हुने, एकल बास बस्ने, नियमित औषधिको सेवन गर्नुपर्छ ।

कोरोनाको नाउँमा यतिबेला कमाउनेहरू सक्रिय भएका छन् । महामारीको बेलामा सेवाभाव हुनुपर्नेमा व्यापारीहरूले मालसामानको भाउ बढाएर लुटेका छन्, अस्पताल, क्लिनिक, औषधिपसल, औषधि उद्योग, उपकरण, एम्बुलेन्सले बिरामीहरूलाई ठग्न छाडेका छैनन् । जनता, गरीब, असहाय, दरिद्र, ज्याला गरी बाँच्ने मानिसहरूले यतिबेला सास्ती भोग्नुपरेको छ । कोरोनाको समयमा राहत सामग्री भनेर जनप्रतिनिधिहरूले आफ्नो आसेपासेलाई बाँड्ने गरेका छन् ।

**ख) शैक्षिक ह्रासका कारणहरू:** यस्तो सङ्क्रामक भयावह, प्राणघातक रोगको कारण हरेक क्षेत्र पछाडि परेको छ । जनधनको अपूरणीय क्षति भएको छ । त्यसमध्ये सबैभन्दा बढी विद्यार्थीहरूले घाटा बेहोर्नुपरेको छ । कोरोनाले सामाजिक, राजनीतिक, आर्थिक, भौतिक, धार्मिक, पर्यटन, शैक्षिक आदि सबैलाई क्षेत्रलाई धराशयी गरेको छ ।

भनिन्छ– 'समय र ज्वारभाठाले कसैको प्रतीक्षा गर्दैन ।' समय, खोला र बगरमा पानी बगे जस्तै बगिरहन्छ । यस महामारीका बेला अध्ययनरत विद्यार्थीहरू लकडाउन र बन्दका कारण विद्यालय, कलेज, ट्यूशन, कोचिङ सेन्टर जस्ता शैक्षिक संस्थाहरू बन्द हुँदा विद्यार्थीहरूको अध्ययनमा नराम्रो प्रभाव पारेको छ । शैक्षिक क्षेत्रमा ह्रास हुनुका निम्न लिखित कारणहरू यस प्रकार छन्:

१) कफर्च्यू, लकडाउन र बन्द हुनु,
२) विद्यालय, कलेज, कोचिङ र ट्यूशन जस्ता शैक्षिक संस्थाहरू ठप्प हुनु/बन्द हुनु,
३) तोकिएको परीक्षा समयमा नहुनु,
४) अन्तरिक मूल्याङ्कनबाट कक्षा उकास्नु,
५) छोराछोरीको लागि घरमा शैक्षिक वातावरणको सिर्जना गर्न नसक्नु,
६) विद्याथीहरूले बन्दका समयमा पाठ्यपुस्तक, कापी, कलम र अन्य शैक्षिक सामग्री पाउन नसक्नु,
७) शिक्षाको स्रोत विद्यालय, शिक्षक र पुस्तकबाट विद्यार्थीहरू सम्पर्कविहीन हुनु,
८) विद्यार्थीहरूमा निराशाको भावना जागृत हुनु,
९) विद्यार्थीहरूमा रोग लाग्ने डर उत्पन्न हुनु,
१०) सबैको घरमा इन्टरनेट, एफएम, मोबाइल, टेलिभिजनको पहुँच नहुनु,
११) माथिका प्राविधिक सुविधाहरू घरमा उपलब्ध भएपनि चलाउने ज्ञान नहुनु,
१२) अनलाइन कक्षा नहुनु
१३) विद्यार्थीको स्वास्थ्यको प्रत्याभूति नहुनु,
१४) पाठ्यपुस्तकको पढाइ अधूरो रहनु,
१५) घरमा बस्दाबस्दा मन आजित हुनु,
१६) ल्याब, प्राक्टिकल कक्षा र टिचिङ प्राक्टिसबाट विद्यार्थी वञ्चित हुनु आदि हुन् ।

**ग) शैक्षिक सुधारका उपाय:**

पूर्वजहरूले भनेका थिए, "अनिकालमा बीउ जोगाउनु, महामारीमा जीउ जोगाउनु ।" पानी परेन, खडेरी पऱ्यो, खेतीपाती हुन सकेन, त्यस्तो आपत्को बेला सबै अन्न खाएर पनि बीउलाई जोगाएर राख्नुपर्दछ, त्यस्तै महामारी आयो भने रोग उग्ररूप लिएर फैलिन्छ, हजारौं मान्छे मर्छन्, त्यस्तो विपद्को घडीमा ज्यान जोगाउनुपर्छ । आज एउटा देश र राज्यलाई विपद् परेको होइन, सारा विश्व नै कोरोनाको चपेटमा परेको छ । यसबीच दैवी विपत्हरू जस्तैः आगलागी, बाढी, पहिरो, भूकम्प, ज्वालामुखी, युद्धले झनै चुनौती थपिदिएको छ । यस्तो भयावह अवस्थामा बन्द, कफर्च्यू र लकडाउनको बेला आफ्नो स्वास्थ्य, शरीर र छोराछोरीहरूलाई बचाउनुका साथै उनीहरूको शैक्षिक अवस्था निम्न उपाय अपनाएर सुधार गर्न सकिन्छः ।

१) शैक्षिक कार्यतालिका बनाइ कोठाभित्र झुन्ड्याउने र सोको अनुसरण गर्ने,
२) घरभित्र मनोरञ्जनात्मक खेल चेस, लुडो, क्यारेम बोर्ड, गीत–सङ्गीतको समयावधि किटान गर्ने,
३) पढाइको सिलसिलामा कठिन परे समस्या समाधान गर्न स्रोत साधनको खोजी इन्टरनेट, फोनबाट गर्ने,
४) परीक्षातिर ध्यान नपुऱ्याइ आफ्ना ज्ञान हासिल गर्नेतिर बढी अग्रसर हुने,
५) कापी, कलम, पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्रीको उचित व्यवस्थापन गर्ने,
६) अनलाइन क्लासको लागि घरमा मोबाइल, ल्यापटप, कम्प्युटर र इन्टरनेटको व्यवस्था मिलाउने,
७) अभिभावक वा अन्य सदस्य सक्षम भए घरमैं टच्यूशनको व्यवस्था मिलाउने,
८) पाठयपुस्तकबाहेक खेलकूद, चित्रकला, हाजिरीजवाफ, गीत–सङ्गीत, प्रवचन, वादविवाद, श्रुतिलेखन, नाटक, अनुलेखन, वाचन, हस्तकला जस्ता अतिरिक्त क्रियकलाप गर्ने, गराउने,
९) आफ्ना छोराछोरीहरूले कतिसम्म याद गरे, कति सिके, के सिक्न बाँकी छ, के गरे अझ प्रभावकारी हुन्छ, यसको जानकारी लिने र कमीकमजोरी देखिए उनीहरूलाई पिट्नुको सट्टा सम्झाउने, प्रेरणा जगाउने, प्रशंसा गर्ने, कथा, घटना प्रसङ्ग सुनाउने, स्याबासी/पुरस्कृत गरी गरी अभिभावकले बालबालिकाको मनोबल बढाउनुपर्छ,
१०) शिक्षक र विद्यार्थीलाई अनिवार्य खोप लगाउने ।

**घ) निष्कर्ष:** अन्त्यमा माथि शिक्षाको सुधार गर्ने प्रक्रिया हामीले अवलम्बन गऱ्यौं भने अवश्य नै शिक्षामा सुधार हुन्छ ।
(लेखक रा.रा.चौरसिया मावि, झौवागुठी, पर्साका शिक्षक हुन् ।)

# मल उत्पादन गर्न सस्तोमा विद्युत् उपलब्ध गराउँछौं –ऊर्जामन्त्री

काठमाडौं, २४ माघ/रासस

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले जलविद्युत्को प्रयोग गरेर



ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसाल । तस्वीर : फाइल

रासायनिक मल कारखाना स्थापना गर्नुपर्ने बताएकी छन् । कृषि मन्त्रालयमा सोमवार भएको छलफलमा उनले दीर्घकालीन एवं राष्ट्रको हितका लागि पनि जलविद्युत्कै प्रयोगबाट सम्पूर्ण उद्योग तथा कलकारखाना सञ्चालन हुनुपर्ने बताइन् ।

उनले भनिन्, "देशभित्र ऊर्जाका रूपमा जे खपत हुन्छ, त्यो जलविद्युत्बाट उत्पादित ऊर्जा नै हुनुपर्छ ।" लगानी बोर्डमार्फत लगानी गर्ने उद्योगी–व्यवसायीले पनि नाफासँगै देशको माया गरेर विद्युतीय ऊर्जा खपतलाई प्रोत्साहन गर्नुपर्नेमा उनको जोड थियो । मन्त्री भुसालले भनिन्, "हामी देशभक्त नागरिकले राष्ट्रहितलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ, यहीभित्र नाफा, व्यापार खोजौं, मेरो विनम्र आग्रह छ ।"

जलविद्युत् प्रयोग गरेर मल कारखाना स्थापना गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिंदै उनले भनिन्, "हामी आवश्यकता अनुसारको विद्युत् उपलब्ध गराउन तयार छौं, जलविद्युत् आयोजनाको सञ्चालन खर्च मात्र लिएर पनि विद्युत् दिन तयार छौं ।" ऊर्जाकै कारणले मल उत्पादनमा लागत महँगो हुने स्थिति आउन नदिने विश्वास दिलाउँदै मन्त्री भुसालले भनिन्, "ऊर्जाकै कारणले महँगो हुने स्थिति आउँदैन, त्यसका लागि ऊर्जा मन्त्रालय आश्वस्त पार्न चाहन्छ ।"

डलरमा खरीद गरेर ल्याइएको ग्याँसभन्दा देशभित्र उत्पादन भएको स्वदेशमैं उत्पादन भएको ऊर्जा प्रयोग गर्नुपर्नेमा जोड दिंदै उनले भनिन्, "हामीले तत्कालको लागत मात्र हिसाब गरेर ग्याँसबाट उद्योग स्थापना गर्ने निर्णयमा पुग्नुअगाडि भावी पुस्ता, दिगो विकास लक्ष्य, विश्वसामु हामीले गरेका प्रतिबद्धतालाई समेत गहिरो ढङ्गले सोच्नुपर्छ ।"

देशको आर्थिक विकासका लागि लगानी बोर्ड स्थापना भएको स्मरण गर्दै उनले सम्पूर्ण विश्व नै नवीकरणीय र स्वच्छ ऊर्जाको प्रयोगलाई बढाउँदै पेट्रोलियम पदार्थको कटौतीमा लागिरहेको उल्लेख गरिन् । उनले स्वच्छ ऊर्जा विद्युत्लाई बाइपास गरेर अरू देशले निरुत्साहित गरेको प्रविधिमा जान नहुने बताउँदै त्यसतर्फ लगानी बोर्ड गम्भीर हुनुपर्ने बताइन् ।

कृषि तथा पशुपक्षी विकासमन्त्री महेन्द्रराय यादवले मलखादमा पनि देशलाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिंदै मल अभावको राष्ट्रिय समस्यालाई हल गर्न सबैले सहयोग गर्नुपर्ने बताए । उनले विद्युत् उत्पादनबाटै मल उत्पादन भयो भने आत्मनिर्भर हुने जनाउँदै लागतको विषयमा पनि छलफल गर्नुपर्ने बताए । उनले भने, "सातवटै प्रदेशमा मल कारखाना स्थापना गर्ने गरी सोच्नुपर्छ, प्रत्येक प्रदेशमा दुई लाख मेट्रिक टन क्षमताको कारखाना स्थापना गर्नेगरी अगाडि बढ्नुपर्छ ।" उनले चाँडोभन्दा चाँडो नेपालमा मल कारखाना स्थापना गरेर कृषकलाई आश्वस्त तुल्याउनुपर्नेमा जोड दिए ।

त्यस अवसरमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले खाद्य सुरक्षाका लागि पनि मल कारखाना स्थापना महत्त्वपूर्ण भएको र त्यसका लागि नेपालकै विद्युतीय ऊर्जा प्रयोग हुनुपर्ने बताए । उनले भने, "दूरगामी हिसाबले पनि जलविद्युत् नै प्रयोग गरेर मल उत्पादन गर्नुपर्छ, भविष्यका लागि पनि यो नै उपयुक्त हुन्छ ।"

नेपालमैं मल कारखाना स्थापना गर्ने विषयमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, कृषि तथा पशुपक्षी विकास मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र लगानी बोर्डसहित सरोकार पक्षको सहभागिता थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# "स्थानीय तह" निर्वाचन इतिहासलाई फर्केर हेर्दा...

काठमाडौं, २४ माघ/रासस

स्थानीय तहको आगामी निर्वाचन आगामी वैशाख ३० गतेका लागि घोषणा भएको छ। मन्त्रिपरिषद्को सोमवारको बैठकले आगामी नयाँ सालको पहिलो महीनामैं एकै चरणमा गर्ने निर्णय गरेको हो। स्थानीय तह निर्वाचनका सन्दर्भमा संविधान र कानूनप्रति राजनीतिक बुझाइमा देखिएको फरकपन र द्विविधाका बीच मिति घोषणा भएसँगै निर्वाचनको अन्योल स्वतः हटेको छ।

## स्थानीय तहको निर्वाचन वैशाख ३0 मा

सरकारले स्थानीय तहको निर्वाचन आगामी वैशाख ३० गते एकै चरणमा गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को सोमवारको बैठकले स्थानीय तहको निर्वाचन एकै चरणमा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए।

तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न निर्वाचनसम्बन्धी कानूनमा खासै परिमार्जन गर्न नपर्ने आयोगले सरकारलाई परामर्श दिएको थियो। राजनीतिक दलबीच संविधान र कानूनका विषयमा स्थानीय तहको निर्वाचनका सन्दर्भमा फरक बुझाइ र विश्लेषण भएका कारण निर्वाचनको मिति घोषणालाई चासोका साथ हेरिँदै आएको थियो। यसअघि आयोगले सरकारलाई जेठ ४ गते एकै चरणमा निर्वाचन गर्न सुझाएको थियो।

नेपालमा स्थानीय तहको पहिलो निर्वाचन विसं २००४ जेठ २९ गते काठमाडौं म्युनिसिपालिटी प्रारम्भ भएको इतिहास छ। नेपालको संविधान जारी भएपछि गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति नाम कायम गरिएको छ। यसअघि स्थानीय तहलाई म्युनिसिपालिटी, नगरपालिका, गाउँ पञ्चायत, नगरपञ्चायत, गाउँ विकास समिति, नगरपालिका, जिल्ला पञ्चायत, जिल्ला विकास समिति आदि नामले चिनिँदै आएको निर्वाचन आयोगद्वारा प्रकाशित प्रश्नोत्तर पुस्तकमा उल्लेख छ।

विसं २००४ मा भएको काठमाडौं म्युनिसिपालिटीको निर्वाचनपछि मुलुकमा नगरपालिका निर्वाचन विसं २०१० भदौ १७ गते भएको थियो। त्यसैगरी, स्थानीय निर्वाचन विसं २०१४ माघ ७ गते, गाउँपञ्चायत निर्वाचन विसं २०१८ फागुन ७ देखि विभिन्न मितिमा सम्पन्न भएका थिए। काठमाडौं म्युनिसिपालिटीको २०१० सालमा भएको निर्वाचनमा वडा नं ८ बाट साधनादेवी प्रधान प्रथम निर्वाचित जनप्रतिनिधि बन्न सफल भएकी थिइन्।

आयोगका अनुसार नगरपञ्चायत निर्वाचन विसं २०१९ जेठदेखि विभिन्न मितिमा, जिल्लासभा र जिल्ला पञ्चायत निर्वाचन विसं २०१९ देखि विभिन्न मितिमा, अञ्चलसभा र अञ्चल पञ्चायत निर्वाचन विसं २०२० देखि विभिन्न मितिमा सम्पन्न भएका थिए।

स्थानीय तह निर्वाचनका रूपमा विसं २०३९ वैशाख २८ र ३१ तथा जेठ ३ र ४ गते गाउँपञ्चायत तथा नगरपञ्चायत, विसं २०३९ असार २ गते जिल्ला पञ्चायत, विसं २०४३ चैत ७ र १० गते गाउँपञ्चायत तथा नगरपञ्चायत एवं विसं २०४४ वैशाख २६ गते जिल्ला पञ्चायतको निर्वाचन भएको इतिहास


तस्वीर: रासस

छ।

मुलुकमा प्रजातन्त्रको पुनः स्थापना भएपछि स्थानीय तहको निर्वाचनका रूपमा विसं २०४९ जेठ १५ र १८ गते गाउँविकास समिति तथा नगरपालिका निर्वाचन, विसं २०४९ असार १३ गते जिल्ला विकास समिति निर्वाचन, विसं २०५४ जेठ ४ र १३ गते गाउँपालिका र नगरपालिका निर्वाचन तथा विसं २०५४ असार २७ गते जिल्ला विकास समितिको निर्वाचन भएको थियो। विसं २०६२ माघ २६ गते पनि नगरपालिका निर्वाचन भयो।

### अघिल्लो स्थानीय तह निर्वाचन

मुलुकमा २०६२/६३ को जनआन्दोलनको उपलब्धिका रूपमा संविधानसभाबाट नेपालको संविधान जारी भएपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थानीय तहको पहिलो निर्वाचन तीन चरणमा भएको थियो।

विसं २०७४ वैशाख ३१, असार १४ र असोज २ गते सो स्थानीय तहको निर्वाचन भएको हो।

सिंहदरबारको अधिकार स्थानीय सरकारमार्फत जनताकै घरदैलोमा पुऱ्याउने उद्देश्यसहित भएको निर्वाचनमा ५७ राजनीतिक दलले भाग लिएकामा १८ राजनीतिक दलको स्थानीय तहमा प्रतिनिधित्व रह्यो।

स्थानीय तहको निर्वाचनमा २३३ स्वतन्त्रसहित ३५ हजार ४१ जनप्रतिनिधि निर्वाचित भएका थिए। त्यस निर्वाचनका लागि एक करोड ४० लाख ७४ हजार ४२४ मतदाता कायम भएकामा एक करोड चार लाख ८९ हजार २०४ अर्थात् ७४.५३ प्रतिशत मतदान भएको थियो। निर्वाचनमा राजनीतिक दलबाट ८३ हजार ८३६ पुरुष, ५६ हजार ४२७ महिला, दुई तेस्रोलिङ्गी तथा स्वतन्त्रतर्फ छ हजार ६८२ पुरुष, एक हजार ४१५ महिलासहित एक लाख ४८ हजार ३६४ उम्मेदवारले प्रतिस्पर्धा गरेको निर्वाचन आयोगले उल्लेख गरेको छ।

उक्त स्थानीय तह निर्वाचनमा सबैभन्दा सानो १८ लहर र सबैभन्दा ठूलो ६८ लहरको मतपत्र कायम गरिएको थियो। आयोगले उक्त निर्वाचनका लागि १७ स्थानीय भाषामा निर्वाचन सूचना सामग्री बनाइएका थिए। मुलकमा हाल छ महानगरपालिका, १२ उपमहानगरपालिका, २७५ नगरपालिका र ४६० गाउँपालिका गरी कुल ७५३ तह र छ हजार ७४३ वडा कायम छन्। लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरेका मुलुकमा निर्वाचनलाई लोकतन्त्रको प्राणवायु भन्ने गरिन्छ।


**हिमपातमा रमाइलो:** काभ्रे जिल्लाको नगरकोट, बनेपा, पनौती र धुलीखेलका होमस्टे। पश्चिमी न्यूनचापीय वायुका कारण बाक्लो हिमपात भएको छ। मुलुकका विभिन्न उच्च पहाडी क्षेत्र र हिमाली क्षेत्रमा पनि हिमपात भइरहेको छ। हिउँसँग खेल्ने मानिसहरू यहाँ आउने गरेका छन्। हिउँले खेतीपाती राम्रो हुने किसानहरूको भनाइ छ।
तस्वीर: पङ्कज श्रेष्ठ

# विद्यार्थीलक्षित 'मोडर्ना' खोप दिइँदै

महोत्तरी, २४ माघ/रासस

कोभिड-१९ विरुद्धको 'मोडर्ना' खोप सोमवारदेखि यहाँका विद्यार्थीलाई लगाउन शुरू गरिएको छ। सङ्घीय सरकारले यही माघ १५ देखि २० गतेसम्म विद्यार्थी लक्षित सो खोप सबै विद्यालयमा लगाउने बताए पनि जिल्लामा भने आजदेखि शुरू गरिएको हो।

स्वास्थ्य कार्यालयका निमित्त जनस्वास्थ्य प्रशासक भोला यादवले मौसम प्रतिकूल बन्दा खोप कार्यक्रम ढिलो शुरू भएको जानकारी दिए।

जिल्लाका १५ स्थानीय तहमध्ये पाँच नगरपालिका र तीन गाउँपालिकाका विद्यालयमा अध्ययनरत विद्यार्थीलाई खोप लगाइनेछ। आज खोप लगाउन थालिएका विद्यालय बलबा, मटिहानी, मनरासिस्वा, लोहारपट्टि र जलेश्वर नगरपालिका एवं एकडारा, पिपरा र महोत्तरी गाउँपालिकाका हुन्। यस पहिलो चरणको विद्यालय केन्द्रित खोप अभियान माघ २८ मा सम्पन्न हुने उनले बताए। 'मोडर्ना' १२ देखि १८ वर्ष उमेर लक्षित कोभिड-१९ विरुद्धको खोप हो।

दोस्रो चरणमा जिल्लाका सात स्थानीय तहका विद्यालयका विद्यार्थीलाई सो खोप लगाइनेछ। आगामी फागुन २ देखि ६ गतेसम्म सञ्चालन हुने यो चरणमा पाँच नगरपालिका र दुई गाउँपालिकाका विद्यालय पर्नेछन्।

यसमा भङ्गाहा, औरही,



रामगोपालपुर, गौशाला र बर्दिबास नगरपालिका एवं सम्सी र सोनामा गाउँपालिकाभित्रका विद्यालय रहने कार्यालयले जनाएको छ। जिल्लामा ७४ हजार मात्रा खोप आएको निमित्त जनस्वास्थ्य प्रशासक यादवले जानकारी दिए।

राहदानी लिएर विदेश जाने तयारीमा रहेका १८ वर्षभन्दा माथिका सबैलाई 'जोन्सन' खोप दिइएको कार्यालयले जनाएको छ। यो सेवा स्वास्थ्यचौकी, अस्पताल र यसबाहेक तोकिएका केन्द्रबाट प्रवाह भइरहेको छ। जिल्लाका सबै स्थानीय तहमा विशेष अभियान अन्तर्गत फागुन १० देखि १४ गतेसम्म पाँच दिन खोप लगाउने निर्णय गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ।

जिल्लामा अझै खोप लिनेको सङ्ख्या ५० प्रतिशत नाघेको छैन। खोपलाई प्रभावकारी बनाउन स्वास्थ्य जनशक्तिको समुचित विन्यास, खोपबारे सचेतना बढाउन राजनीतिक दल, सामाजिक सङ्घसंस्था र स्थानीय तहको प्रत्यक्ष पहलकदमी उपलब्धिमूलक हुने मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक विजयकुमार झाको भनाइ छ।

# विकृति बढेपछि विद्युत्का संरचना सार्न नयाँ व्यवस्था

काठमाडौं, २४ माघ/रासस

नेपाल विद्युत् प्राधिकरणले ग्राहकहरूलाई विद्युत् सेवा उपलब्ध



तस्वीर: फाइल

गराउन निर्माण गरेको वितरण प्रणालीका विद्युतीय संरचना (तार, खम्बा, ट्रान्सफर्मर) सार्न आवश्यक प्रक्रिया र मापदण्डसम्बन्धी नयाँ व्यवस्था कार्यान्वयनमा ल्याएको छ। प्राधिकरणले 'विद्युतीय संरचना स्थानान्तरणसम्बन्धी कार्यविधि'मार्फत संरचना सार्ने कामलाई व्यवस्थित बनाएको जनाएको छ।

कार्यविधिमा विद्युतीय संरचना स्थानान्तरण, प्राविधिक जाँच, स्वीकृति दिने अधिकारी, स्थानान्तरण गर्दा लाग्ने खर्च र पूरा गर्नुपर्ने दायित्वलगायत व्यवस्था गरिएको छ। प्राधिकरणले प्राविधिक जाँच गरी सम्भव देखिएमा मात्र ४००/२३० भोल्ट (एलटी लाइन), ११ केभी र ३३ केभीसम्मको लाइनको तार, खम्बा र त्यसमा जडान भएको ट्रान्सफर्मरलगायतका संरचनाको स्थानान्तरण गर्नेछ।

काठमाडौं उपत्यकालगायत देशका विभिन्न शहरी क्षेत्रहरूमा सरकारी निकाय, स्थानीय तहहरू, उपभोक्ता समिति, व्यक्ति/संस्थाहरूमार्फत सडक विस्तारका क्रममा विद्युतीय संरचना सार्न माग गर्दै प्राधिकरणमा निवेदन आउने गरेका छन्।

साथै व्यक्तिगत जग्गाको बीचमा लाइन परी जग्गा उपभोग गर्न नमिल्ने भएको उल्लेख गरेर खम्बा, तार तथा ट्रान्सफर्मर सार्नका लागि प्राधिकरणमाथि दबाब पर्ने गरेको छ। प्राधिकरणले कार्यविधिमार्फत प्राविधिक जाँचबाट उपयुक्त देखिए र स्थानान्तरण गर्ने स्थानमा विरोध नभएको सुनिश्चित भएमा मात्र विद्युतीय संरचना सार्न सकिने व्यवस्था गरेको छ।

कार्यविधिले विद्युतीय खम्बा, तार, ट्रान्सफर्मरलगायत संरचना स्थानान्तरणको प्रक्रिया, स्वीकृति दिने अधिकारी, सार्दा लाग्ने खर्च कसले बेहोर्ने भन्ने व्यवस्था प्रस्टसँग व्यवस्था गरिएकाले त्यस्ता संरचना सार्ने काममा हुन सक्ने सम्भावित चलखेललाई रोक्ने प्राधिकरणको विश्वास छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युतीय संरचना सार्नका लागि विभिन्न क्षेत्रबाट धेरै माग आउने गरेको, शहरी सौन्दर्यमा बाधा पुगेको, सडक विस्तारमा अवरोध गरेको जस्ता गुनासो आएपछि यसलाई सम्बोधन गर्न नीतिगत व्यवस्था गरिएको जानकारी दिए। "खम्बा सारिदिन्छु भन्दै धेरैले चलखेल गर्ने गरेको सुनेका छौं, यसलाई नियन्त्रण र व्यवस्थित गर्न स्पष्ट प्रक्रिया र मापदण्डको व्यवस्था गरेका छौं," उनले भने।

समस्यामा परेका व्यक्तिहरूले पोल सारिदिन्छु भन्दै आउने व्यक्तिहरूको पछि नलानी प्राधिकरणको स्थानीय कार्यालयमा गएर निवेदन दिन सक्ने र त्यसपछि कार्यविधिबमोजिम प्राविधिक नापजाँचको प्रक्रिया अगाडि बढाइ विकल्पसहित सम्भव देखिएमा मात्रै संरचना सारिने उनले बताए। स्थानान्तरण उपयुक्त देखिएमा आवेदक र स्थानीय तहको प्रतिनिधिको उपस्थितिमा संरचना सारिनेछ।

प्राधिकरणको मौजुदा विद्युत् वितरण प्रणालीका विद्युतीय संरचना व्यक्ति/संस्थाको घर कम्पाउन्ड रहेको जग्गामा वा त्यस्तो जग्गामाथिबाट गएको वा सडक विस्तार गर्दा वा अन्य कुनै कार्य गर्न त्यस्तो संरचना स्थानान्तरणका लागि प्राधिकरणको सम्बन्धित स्थानीय कार्यालयमा आवेदन दिन सकिने व्यवस्था गरिएको छ।

आवेदन साथ नागरिकता, जग्गाधनी पुर्जाको प्रतिलिपि, सम्बन्धित स्थानीय तहको सिफारिशलगायतका कागजात पेश गर्नुपर्नेछ। नेपाल सरकारका कुनै कार्यालय वा सरकारको पूर्ण स्वामित्वको संस्थाले भने संरचना स्थानान्तरणको कारणसहित पत्र पठाउनुपर्नेछ।

प्राधिकरणको स्थानीय कार्यालयका प्रमुखले संरचना स्थानान्तरणको आवेदन प्राप्त भएको १५ दिनभित्रमा प्राविधिक जाँच गराउनुपर्नेछ। स्थानको स्थलगत निरीक्षण गरी विद्युतीय संरचना मर्मतसम्भार गर्न सहज पहुँच हुने, संरचना व्यवस्थित र सुरक्षित हुने तथा अरूलाई असर नपर्नेलगायतका आधार मानी प्राविधिक जाँच गरिनेछ।

संरचना स्थानान्तरण गर्न उपयुक्त देखिएमा प्राधिकरणको स्थानीय कार्यालय प्रमुखले सम्बन्धित वडाध्यक्ष, स्थानान्तरण हुने स्थानको कम्तीमा एकजना संधियार, आवेदकसमेतको सहमतिमा स्थानान्तरण हुने ठाउँको यकीन गरिनेछ।

उपयुक्त देखिएमा कारण, स्थानको विवरण, लाइनको नक्शा, अनुमानित खर्चसहितको प्रतिवेदन बुझाउनुपर्नेछ। जाँचमा स्थानान्तरण सम्भव नदेखिएमा त्यसको लिखित जानकारी आवेदकलाई दिनुपर्नेछ।

कार्यविधिमार्फत स्थलगत प्रतिवेदनमा स्थानान्तरण उपयुक्त देखिएमा सार्न स्वीकृति दिने जिम्मेवार व्यक्तिहरू तोकिएको छ। ४००/२३० भोल्टेज स्तरका वितरण लाइनको स्वीकृति सम्बन्धित प्रादेशिक/प्रदेश डिभिजन कार्यालय प्रमुखले दिनेछन्। सडक विस्तारका लागि ११ केभी स्तरका वितरण लाइन सार्ने स्वीकृति वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशकले दिनेछन्।

व्यक्ति/संस्थाको निजी स्वामित्वको ११ केभी र सडक विस्तारका लागि ३३ केभी लाइन सार्ने स्वीकृति कार्यकारी निर्देशकबाट दिइनेछ। व्यक्ति/संस्था वा प्राधिकरणको स्वामित्वमा रहेको ३३ केभी र ११ केभी रिङमेन लाइन स्थानान्तरण स्वीकृति प्राधिकरण सञ्चालक समितिले दिनेछ। निजी जग्गामाथि गएको ओभरहेड लाइन सोही जग्गामा भूमिगत गर्न नसकिने व्यवस्था गरिएको छ।

स्थानान्तरणका लागि आवश्यक पर्ने स्थान र मार्गाधिकारको व्यवस्था आवदेक आफैंले गर्नुपर्नेछ। स्थानान्तरण गरी जग्गाको साँध सिमानामा ल्याउनुपर्दा सम्बन्धित संधियार र अन्य निकायको सहमति लिनुपर्ने भएमा त्यस्तो सहमति लिखितरूपमा पेश गर्नुपर्नेछ भने

(बाँकी पाँचौ पातामा)

# सभ्यताको शुभारम्भ

युग परिवर्तनः कसरी र कब

## सुसंस्कारितातर्फ बढौं

प्रत्यक्ष नै सबैकुरा होइन, परोक्षको पनि आफ्नै महत्त्व हुन्छ। प्रकृतिमा वस्तु नै प्रत्यक्ष हुन्छ तर अनेक स्तरको सशक्त सूक्ष्म तरङ्ग अदृश्य नै रहन्छ । यसैले दृश्यको तुलनामा अदृश्यको महत्त्व बढी मानिएको छ। शरीर प्रत्यक्ष हो। यसको हलचल पनि प्रत्यक्ष हुन्छ। सम्पदा सामग्री र परिस्थिति पनि आँखाले हेर्न सकिन्छ। सुन्दरताको निर्णय नेत्रले गर्न सक्छ तर मान्यता, आस्था, विचारणा, आकाङ्क्षा, भावना, दृष्टिकोण, चरित्र जस्ता चेतना क्षेत्रका विभूतिलाई भावना क्षेत्रको अन्तःकरणको साथ जोडिएको नै पाइन्छ। वस्तुतः त्यसैको प्रेरणाबाट जीवनको दिशाधारा बन्छ, क्रियाकलापको शृङ्खला चल्छ। यसैले महत्त्वको दृष्टिबाट उसैको गरिमालाई वरिष्ठ मानिएको छ। प्रत्यक्ष सत्प्रवृत्तिलाई सभ्यताको नामले जानिन्छ र अन्तःकरणबाट सन्निहित भावनालाई संस्कृति भनिन्छ।

सभ्यताभन्दा बढी सुसंस्कारिताको मान, महत्त्व एवं गौरव छ । यसको क्षमता एवं परिधि पनि अपेक्षाकृत बढी हुन्छ। सभ्यताको श्रीगणेश गर्नेले आगामी कदम सुसंस्कारिता अपनाउन चाल्छ । सभ्यताको पूर्णता सुसंस्कारिताको साथ जोडिएको हुन्छ । अन्यथा सभ्यताको व्यवहार-कौशल कलात्मक छद्मको रूपमा सिक्न, अपनाउन सकिन्छ। यत्तिमा पनि सर्वतोमुखी प्रगतिको सम्भावना सुनिश्चित हुँदैन। हामी शरीरबाट सुन्दर, स्वच्छ र सुव्यवस्थित हुनुपर्छ तर आवश्यक यो पनि छ कि आदर्शप्रति आस्थावान् बन्नुपर्छ, दृष्टिकोणमा उत्कृष्टतालाई समाविष्ट राख्नुपर्छ। भाव संवेदना, आकाङ्क्षा यस स्तरको होस्, जसलाई शालीनता र सज्जनताको पक्षधर भन्न सकियोस्।

सुसंस्कारिताका चार आधारलाई प्रमुख मानिएको छ - (१) समझदारी (२) इमानदारी (३) जिम्मेदारी (४) बहादुरी । यसलाई आध्यात्मिक-आन्तरिक वरिष्ठताको दृष्टिमा उत्तिकै महत्त्वपूर्ण मान्नुपर्छ, जति कि शरीरका लागि अन्न, जल, वस्त्र र निवासलाई अनिवार्य मानिएको छ।

समझदारीको तात्पर्य हो- दूरदर्शी र विवेकशीलतालाई अपनाउने । साधारणतया मान्छेले तात्कालिक लाभलाई नै सबै थोक मान्छन् र त्यसको लागि अनाचारलाई अपनाउँछ। यसबाट भविष्य अन्धकारमय बन्छ र व्यक्तिको स्तर एक प्रकारले हेय नै बन्छ । अदूरदर्शिता तुर्त-फुर्त, बढी सुविधा सम्पादनको लागि लालायित रहन्छ र यस उत्ताउलोमा यस्तो काम गर्न पनि हच्किंदैन, जसको भावी परिणति नराम्रो किसिमको हुन सक्छ। मूर्ख चरा र माछा यसै दुर्बुद्धिका कारण थोरै प्रलोभनमा आफ्नो ज्यान गुमाएको देख्न सकिन्छ। खन्चुवा व्यक्ति यसै ललकमा आफ्नो स्वास्थ्य सम्पदालाई तहसनहस गर्छ । यौनाचारमा अतिवाद अपनाउनेहरू जवानीमा नै बूढो-खोक्रो भएर अकाल मृत्युको मुखमा पुग्छन् । अपराधी तत्त्वमध्ये अधिकांश व्यक्ति यसै मनोवृत्तिका हुन्छन् । पढ्ने समय आवारागर्दीमा बिताउँछन्। नशाबाज पनि यसै मूर्खतालाई अपनाएर बिस्तारै आत्महत्यातर्फ बढिरहेका हुन्छन्। यस्ता मूर्खले आज र अहिलेको लाभ नै सबै थोक देख्छन् र भविष्यको सम्भावनाको सन्दर्भमा सोच्ने फुर्सद पनि पाउँदैनन्।

**सभ्यताभन्दा बढी सुसंस्कारिताको मान, महत्त्व एवं गौरव छ । यसको क्षमता एवं परिधि पनि अपेक्षाकृत बढी हुन्छ। सभ्यताको श्रीगणेश गर्नेले आगामी कदम सुसंस्कारिता अपनाउन चाल्छ । सभ्यताको पूर्णता सुसंस्कारिताको साथ जोडिएको हुन्छ । अन्यथा सभ्यताको व्यवहार-कौशल कलात्मक छद्मको रूपमा सिक्न, अपनाउन सकिन्छ ।**

दूरदर्शिता र विवेकशीलता त्यस अनुभवी किसानको गतिविधिजस्तो हुन्छ, जसको अनुसार खेत जोत्ने, बीउ छर्ने, खादपानी दिने, हेरचाह गर्ने र आरम्भिक हानि उठाउन र कष्ट सहन शिरोधार्य हुन्छ । दूरदर्शिताले उसलाई बताउँछ, यसको प्रतिफल उसले समय अनुसार पाउनेछ। एउटा बीउको गेंडाको सट्टा सयौं गेंडा उब्जिनेछ र समयमा त्यस प्रयासको प्रतिफल कोठाभरि धनधान्यको रूपमा पाइनेछ। संयम र सत्कार्य यस्तै बुद्धिमत्ता हुन् । पुण्य परमार्थमा भविष्यलाई उज्ज्वल बनाउने सम्भावना सन्निहित हुन्छ। संयमको प्रतिफल वैभव र पौरुषको दूरमा दृष्टिगत हुनेछ । दूरबिनको सहारा टाढाको वस्तुलाई हेर्न सकिन्छ र यो जानकारीको आधारमा बढी बुद्धिमत्तापूर्ण निर्णय लिन सकिन्छ। अध्यात्म भाषामा यसलाई तृतीय नेत्र उघ्रिएको पनि भनिन्छ, जसको आधारमा विपत्तिबाट जोगिने र उज्ज्वल भविष्यको सम्भावना सृजन सम्भव हुन सक्छ।

सुसंस्कारिताको दोस्रो चिह्न हो- इमानदारी । कथनी र करनीलाई एक समान गर्नु इमानदारी हो। आदानप्रदानमा प्रामाणिकतालाई यसै सिद्धान्तको सहारा अक्षुण्य राखिन्छ । विश्वसनीयता यसै आधारमा बन्छ । सहयोग र सद्भाव आर्जित गर्नको लागि इमानदारी नै प्रमुख आधार हो। यसलाई आफ्नो व्यवसायमा अपनाएर ससाना स्थितिबाट उठेर ठूलो बन्न सफलता पाइन्छ । ठूलो उत्तरदायित्वलाई उपलब्ध गर्न र त्यसलाई निर्वाह गर्नमा इमानदार नै सफल हुन्छन्। यस सद्गुणलाई सुसंस्कारिताको एउटा महत्त्वपूर्ण पक्ष मानिएको छ। त्यसलाई अपनाउनेले इमानदारी र परिश्रमको कमाइबाट आफ्नो काम चलाउन सक्छ। उसको गरीबी पनि यस्तै सानदार हुन्छ, जसमा धनीको भण्डारलाई पनि त्याग गर्न सकिन्छ।

सुसंस्कारिताको तेस्रो पक्ष हो- जिम्मेवारी । मनुष्य अनेकानेक जिम्मेवारीबाट बाँधिएका हुन्छन् । गैरजिम्मेवार मान्छेले जे पनि गर्न सक्छ, कुनै पनि दिशामा हिंड्न सक्छ, उसले कुनै पनि उत्तरदायित्वलाई निर्लज्जतापूर्वक अस्वीकार गर्न सक्छ तर जिम्मेवार व्यक्तिले आफ्ना अनेकौं उत्तरदायित्वलाई सही रीतिबाट सही समयमा निर्वाह गर्नुपर्छ । स्वास्थ्यलाई सुरक्षित राख्ने, जीवन सम्पदाको श्रेष्ठतम सदुपयोग गर्ने, लोक-परलोकलाई उत्कृष्ट बनाउने व्यक्तिगत जिम्मेवारी जसले निर्वाह गर्न चाहन्छ, उसले नै सन्तोष, यश र आरोग्यको लाभ प्राप्त गर्न सक्छ। पारिवारिक जिम्मेवारी बुझ्नेले आश्रितलाई स्वावलम्बी, सद्गुणी बनाउनमा लागिरहन्छ र सन्तान बढाउने अवसर आएपछि विचार गरेर पाइला चाल्छ। हजारपटक सोचविचार गर्छ र अभ्यागतलाई बोलाउने उपयुक्त सामग्री-परिस्थिति र योग्यता नजीक छ वा छैन ? अभिभावक, आश्रित र असमर्थप्रति आफ्नो दायित्व निर्वाह गर्नमा सङ्कीर्ण स्वार्थपरताले उसलाई बाधा गर्दैन।

पेट र प्रजननसम्म नै मनुष्यको सीमा छैन । धर्म र संस्कृतिप्रति, विश्व मानवताप्रति, मनुष्यको सामाजिक एवं सार्वभौम उत्तरदायित्व जोडिएको छ, यहाँसम्म कि अन्य प्राणी एवं वनस्पतिप्रति पनि। ती सबैको सम्बन्धमा दायित्व एवं कर्तव्यको निर्वाहको चिन्ता हरेकलाई हुनुपर्छ । यो कार्य तब सम्भव छ, जब आफ्नो सङ्कीर्णतामाथि अङ्कुश लगाउनुपर्छ। औसत व्यावहारिक स्तरको निर्वाह स्वेच्छापूर्वक स्वीकार गर्नुपर्छ । यदि लोभ, मोह, अहङ्कार, वासना, तृष्णा र सङ्कीर्ण स्वार्थपरताको बादल मडारिएको छ भने तब अबुझ बच्चाको मनसरह त्यस स्तरमा न सोच्न सक्छ, न ठूलाबडासरह लोकमङ्गलको लागि केही निकाल्न सक्छ। आवश्यकतालाई कसैले थोरै श्रम, समयमा पूरा गर्न सक्छ तर वैभवजन्य भौतिक महत्त्वाकाङ्क्षा त यस्तो हो, जसलाई पूरा गर्न सक्नु रावण, हिरण्यकश्यप, सिकन्दर आदिको लागि सम्भव भएन भने सामान्य स्तरको मान्छेको के कुरा । त्यो हविसको जलिरहेको चिताजस्तो कशमकशमा आजीवन विचरण गरिरहन्छ । भूत-पलीतसरह डराउँदै समय गुजार्न र अन्ततः असन्तोष तथा पापको चट्टानलाई टाउकोमा लादेर बिदा हुन्छ । जसलाई मानव जन्मको साथ जोडिएको जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ, उसको लागि गर्न धेरै कुरा रहेको हुन्छ तर ती सबै त्यति बेला मात्र हुन्छ, जब निजी जीवनमा सन्तोष र सत्प्रवृत्ति संवर्धन जस्तो लोकमङ्गल कार्यको लागि समुचित उत्साह अन्तःकरणमा उम्रिन्छ । जिम्मेवारी निर्वाह गर्ने, सुसंस्कारिताको लक्ष्यसम्म पुग्ने बाटो यही हो।

सुसंस्कारिताको चौथो चरण हो- बहादुरी। दैनिक जीवनमा अनेकौं उल्झन आइरहन्छन्। ती सबैसँग लड्न आवश्यक साहस हुनुपर्छ, अन्यथा हडबडीमा समाधानको कुनै सही उपायसम्म सुझ्दैन। अगाडि बढ्ने र माथि उठ्ने प्रतिस्पर्धामा सम्मिलित हुनुपर्छ। गुण, कर्म, स्वभावमा गहिराइसम्म पस्न, जन्मजन्मान्तरको कुसंस्कारभन्दा पनि निरन्तर त्यो महाभारत लड्ने कृत्य गर्नुपर्छ, जसमा गीताकारले अर्जुनलाई प्रशंसा एवं भर्त्सना नीति अपनाउँदै प्रवृत्त हुनको लागि उद्यत गरेका थिए। आफूलाई निखार्न, उबार्न र उछाल्नको लागि अदम्य साहसको सहारा नलिईकन अन्य कुनै बाटो छैन। समाजमा अवाञ्छनीय तत्त्व, अन्धविश्वास, कुप्रचलन र अनाचारको कमी छैन । त्यससँग सम्झौता सम्भव भइरहेको छैन भने उसलाई चल्न दिनु सह्य हुन सक्दैन । त्यसको विरुद्ध असहयोग, विरोधको नीति नअपनाएसम्म कुनै बाटो छैन। यसको लागि सज्जन प्रकृतिका व्यक्तिलाई सङ्गठित गर्नुपर्छ । यी सबै बहादुरीका चिह्न हुन्, यसलाई पनि सुसंस्कारिताको महत्त्वपूर्ण अङ्ग मानिएको छ।

सभ्यताको सर्वचोमुखी क्षेत्रलाई प्रकाशित गर्नको लागि जहाँ स्काउट स्तरको जागरूकता, पराक्रम, प्रयत्न अपनाउन आवश्यकता हुन्छ, त्यही सुसंस्कारितालाई पनि बढाउन र अपनाउनको लागि भरपूर प्रयत्न गरिरहनु पनि अनिवार्य आवश्यकता हो। समाप्त

# कन्या क्याम्पसमा "बुहारी" बढी

चितवन, २४ माघ/रासस

यहाँको मैयादेवी कन्या क्याम्पसमा अध्ययन गर्न बुहारीको आकर्षण देखिएको छ । क्याम्पसमा ७० प्रतिशतसम्म विवाहित (बुहारी)हरूले अध्ययन गर्ने गरेका छन् । विवाहपछि परिवारबाट सुरक्षित ठानिएपछि बुहारीको आकर्षण बढेको हो ।




क्याम्पसका प्रमुख डा विश्वराज सुवेदीका अनुसार स्नातकोत्तरमा ७० प्रतिशत छात्रा विवाहित छन्। स्नातकमा यो प्रतिशत ४० भन्दा माथि छ। कक्षा ११ र १२ मा पनि विवाहित छात्रा आउने गरेको सुवेदीले जानकारी दिए । क्याम्पसमा शिक्षा, मानविकी, व्यवस्थापन र नर्सिङ पढाइ हुँदै आएको छ। हाल एक हजार ५०० विद्यार्थी अध्ययनरत छन्।

'महिला सशक्तीकरणका लागि उच्च शिक्षा' भन्ने नाराका साथ क्याम्पस स्थापना भएको हो। समाजसेवी मैयादेवी श्रेष्ठले भरतपुर महानगरपालिका वडा नं १० मा १२ कट्ठा जमीन खरीद गरी भौतिक निर्माण गरेर क्याम्पस सञ्चालनमा ल्याएकी हुन्। विसं २०५४ असोज १६ गते स्थापना भएको यस क्याम्पसमा सुरुआती चरणमा व्यवस्थापनमा १२ र शिक्षामा ३० जना विद्यार्थीले अध्ययन गर्दथे । यी दुई सङ्कायमा स्नातक तहको पहिलो वर्षमा ३७६ जना विद्यार्थी पुगेका छन्।

प्रमुख सुवेदीले भने, "विवाहितलाई यो क्याम्पस सुरक्षित महसूस हुने गरेको छ, परिवारले पनि यही पढाउने चाहना गर्न थालेको पाइएको छ ।" त्यसो त तराई क्षेत्रबाट समेत विद्यार्थी आउनेक्रम बढेको सुवेदीले जानकारी दिए।

उनले थपे, "यहाँ चितवनसहित २५ जिल्लाका विद्यार्थी छन्, तराई मूलका विद्यार्थी आउनेक्रम बढेर गएको छ ।" महिलाहरूको मात्रै पढाइ हुने हुँदा विवाहित र तराईका छात्राको आकर्षण बढेको हो। केही वर्षअघिसम्म विद्यार्थीको अभावमा प्राध्यापक, कर्मचारीले लामो समय पारिश्रमिक नपाउने समस्या रहेको थियो।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष टङ्कनाथ पौडेल ११ महीनासम्म तलब खुवाउन नसकेको विगत सम्झँदै भन्छन्, "म अध्यक्ष भएपछि प्राविधिकसहितको कार्यक्रम थप गर्ने, गुणस्तरमा सुधार ल्याउने जस्ता कार्यले आकर्षण बढेको हो ।" समाजसेवी एवं राजनीतिज्ञ मैयादेवी श्रेष्ठको नामले पनि धेरैलाई आकर्षित गरेको उनको भनाइ छ।

स्वच्छ वातावरणमा गुणस्तरीय शिक्षा र भेदभावरहित छात्रावृत्तिले पनि थप आकर्षण गरेको पौडेल बताउँछन्। उनले थपे, "यो क्याम्पस सबै हिसाबबाट उत्कृष्ट बन्दै गएको छ, गुणस्तरीय शिक्षाले गर्दा विगतमा झैं विद्यार्थी खोज्दै हिंड्नुपर्ने अवस्था अन्त्य भएको छ ।" अन्यत्र जस्तो विद्यार्थी राजनीतिका कार्यक्रम यस क्याम्पसमा कम हुने गर्दछन्। यसले गर्दा पठनपाठन प्रभावित नहुने र गुणस्तरीय शिक्षा दिन सकिएको पौडेलको भनाइ छ।

क्याम्पसले रु एक करोड २५ लाखको


(बाँकी पाँचौ पातामा)

## फरक समाचार

# हेपाटाइटिससम्बन्धी मिथक र तथ्य

अनेकौं कारणले कलेजो सुन्निन सक्छ । यसमध्ये मुख्य कारण भाइरल हेपाटाइटिस नामक रोग हो। यो रोगमा भाइरसद्वारा कलेजो सङ्क्रमित हुन्छ। विश्व स्वास्थ्य सङ्गठन अनुसार हेपाटाइटिसको दिनदिनै बढ्दो प्रकोप चिन्ताजनक मुद्दा हो, किनभने कलेजो शरीरको महत्त्वपूर्ण अङ्ग हो।

मेदान्ता दी मेडिसिटी, गुडगावँका गैस्ट्रोइन्टेरोलोजिस्ट विभागका प्रमुख डा का. अनुसार हेपाटाइटिसका पाँच प्रकार ए, बी, सी, डी र ई हुन्छन्, तर हेपाटाइटिस डी भारतमा हुँदैन।



हेपाटाइटिस ए र ई प्रदूषित खाद्य र पेय पदार्थको सेवनबाट हुन्छ । त्यस्तै बी र सी हेपाटाइटिस रक्तको माध्यमबाट हुन्छ। रक्त र रक्तका उत्पाद जस्तै प्लाज्मामा प्रदूषित सिरिन्जको प्रयोगबाट अन्य व्यक्ति सङ्क्रमित हुन्छन्। यस प्रकार सङ्क्रमित व्यक्तिद्वारा रक्तदान गर्दा पनि यो रोग सर्न सक्छ। उनका अनुसार ट्याटु बनाउने, कुनै सङ्क्रमित व्यक्तिको टुथब्रस र रेजरको प्रयोग गर्दा र असुरक्षित शारीरिक सम्पर्कबाट पनि हेपाटाइटिस बी र सी हुने जोखिम बढ्छ । रक्सीका अम्मलीलाई पनि हेपाटाइटिस हुन सक्छ।

लक्षणः जन्डिस हुनु, भोक नलाग्नु, ज्वरो आउनु, पेट दुख्नु, बान्ता हुनु।

उपचारः केवल हेपाटाइटिस ए र बीबाट बचाउको लागि खोप उपलब्ध छ। पानी उमालेर वा फिल्टर गरेर पिउनुपर्छ। खाद्य र पेय पदार्थको स्वच्छतालाई ध्यानमा राख्नुपर्छ। कुनै पनि खाद्य पदार्थ खानुभन्दा पहिले कीटाणुनाशक साबुनबाट हात धुने वा हैन्ड सेनिटाइजरको प्रयोग गर्नुपर्छ।

डा का. अनुसार हेपाटाइटिस ए र ईको उपचारको कुनै सुनिश्चित औषधि छैन। लक्षणको आधारमा नै यसको उपचार गरिन्छ। जस्तै ज्वरोको लागि भिन्दै औषधि दिइन्छ र पेट दुखाइको लागि अर्कै औषधि । रोगीले गह्रुँगो भोजन गर्नुहुँदैन र समुचित विश्राम गर्नुपर्छ।

अतीतमा हेपाटाइटिस बी र सीलाई घातक मानिन्थ्यो तर अब हेपाटाइटिसका यी दुवै प्रकारको उपचार ओरल मेडिसिनबाट सम्भव छ। हेपाटाइटिसबाट ग्रस्त बढीजसो मान्छे समुचित उपचारबाट नै निको हुन्छन् तर केही व्यक्तिको स्थिति गम्भीर हुन सक्छ। जन्डिस लगातार बढ्नु, बान्ता नरोकिनु, रोगी बेहोश हुनु वा कमजोरी महसूस गर्नु हेपाटाइटिसका गम्भीर सूचक हुन् । यस्तो स्थितिमा परिवारजनले गैस्ट्रोइन्टेरोलोजिस्टसँग परामर्श लिनुपर्छ।

भ्रमः एशियन इन्स्टिच्युट अफ मेडिकल साइसेन्स, फरिदाबादका गैस्ट्रोइन्टेरोलोजिस्टका अनुसार हेपाटाइटिसका सन्दर्भमा थुप्रै भ्रान्ति व्याप्त छन्, जसको निराकरण गर्नुपर्छ।

मिथकः हेपाटाइटिस बी भाइरसबाट सङ्क्रमित रोगीमा साधारणतया जन्डिस, पेटको समस्या, वजन कम हुने र भोक कम लाग्ने लक्षण प्रकट हुन्छन्।

तथ्यः हेपाटाइटिस बीका रोगी विशेषगरी साधारणतया क्रोनिक हेपाटाइटिसको प्रारम्भिक चरणमा कुनै लक्षण प्रकट हुँदैन । वर्षौंदेखि भाइरसबाट सङ्क्रमित व्यक्ति क्रोनिक लिभर इन्फ्लेमेशन र यहाँसम्म कि लिभर सिरोसिस भएपछि पनि कुनै फरक महसूस गर्न सक्दैनन्। उपरोक्त लक्षण केवल त्यति बेला प्रकट हुन्छन्, जब व्यक्तिमा रोग विकसित अवस्थामा पुगिसकेको हुन्छ। यसको अर्थ यो हो कि कलेजो अब सामान्यरूपले कार्य गर्न सक्दैन।

मिथकः भाइरस हेपाटाइटिसबाट पीडित रोगी सबै प्रकारका खाद्य पदार्थ सेवन गर्न सक्छन्।

तथ्यः कलेजोको कार्यमा सुधारको लागि खानपान अत्यन्त महत्त्वपूर्ण हुन्छ। यसैले रोगीले हलुका र उमालेको भोजन ग्रहण गर्नुपर्छ। फलको सेवन लाभप्रद हुन्छ।

मिथकः उखुको रस कलेजोको लागि लाभप्रद हुन्छ।

तथ्यः उखुको रस सेवन कलेजोको लागि लाभप्रद हुन्छ तर अनेकौं मामिलामा यसले लाभको सट्टा हानि पुर्‍याउँछ । किनभने बढीजसो मामिलामा यसलाई अस्वच्छ र अस्वस्थकर स्थितिमा तयार गरिएको हुन्छ।

मिथकः हेपाटाइटिसबाट पीडित व्यक्ति धेरै सुत्छन्।

तथ्यः यदि व्यक्ति आवश्यकताभन्दा बढी सुत्छ भने यो इन्सेफैलोपैथीको प्रारम्भिक अवस्थाको सङ्केत हुन सक्छ। यसबाट यो पत्ता लाग्छ कि कलेजो फेल हुन सक्छ र यसले मस्तिष्कलाई प्रभावित गर्न सक्छ।

मिथकः हेपाटाइटिसका सबै प्रकारको खोप उपलब्ध छन्।


तथ्यः हेपाटाइटिस ए र बीका लागि खोप उपलब्ध छन्। हेपाटाइटिस सी र ईको लागि क्लिनिकल प्रयोगको लागि कुनै खोप उपलब्ध छैन।

मिथकः यदि तपाईंलाई जन्डिस छैन भने हेपाटाइटिस पनि छैन।

तथ्यः ७० प्रतिशत बच्चा र ३० प्रतिशत वयस्कमा हेपाटाइटिसको सङ्क्रमणको प्रारम्भिक चरणमा जन्डिस हुन सक्दैन। ज्वरो, बान्ता, भोकमा कमी र सुस्ती जस्तो साधारण लक्षण प्रकट हुन सक्छन्।

# गर्भवती महिलालाई अवश्य खुवाऔं रामतोरियाँ

रामतोरियाँ (भिण्डी) स्वास्थ्यको लागि निकै लाभकारी हुन्छ। रामतोरियाँ मधुमेहका रोगीको लागि निकै फाइदाजनक हुन्छ । दुईवटा रामतोरियाँलाई रातभरि पानीमा भिजाएर राख्ने र बिहान त्यसको पानी सेवन गर्ने, यो क्रम लगातार गर्दा सुगर नियन्त्रित हुन्छ।



गर्भवती महिलाको लागि रामतोरियाँको सेवन निकै जरुरी हुन्छ । किनभने रामतोरियाँको सेवन गर्दा फोलिक एसिडको मात्रा बढ्छ, जुन भ्रूणको लागि निकै जरुरी हुन्छ।

रामतोरियाँ आँखाको लागि निकै लाभदायक हुन्छ। रामतोरियाँमा भिटामिन ए र बिटा केरोटिनको मात्रा बढी हुन्छ, जसले आँखाको ज्योति बढाउँछ।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## रूसमा अहिलेसम्मकै सबैभन्दा बढी कोरोना सङ्क्रमित

मस्को, २४ माघ/सिन्ह्वा

रूसमा गएको २४ घण्टामा अहिलेसम्मकै सबैभन्दा बढी कोरोना सङ्क्रमित देखिएका छन् । यहाँको स्वास्थ्य मन्त्रालयले जनाए अनुसार यहाँ आइतवार मात्र एक लाख ८० हजारजनाभन्दा बढी सङ्क्रमित देखिएका हुन् ।



कोरोनाले मस्कोको रेड स्क्वायरमा कम मानिसको चहलपहल । तस्वीरः सिन्ह्वा

ती सङ्क्रमितको सङ्ख्या अहिलेसम्मकै २४ घण्टाभित्र देखिएका सबैभन्दा बढी सङ्क्रमित हुन् । यहाँ अहिलेसम्म एक करोड २८ लाखभन्दा बढी कोरोना भाइरसका सङ्क्रमित देखिएका बताइएको छ ।

त्यसैगरी, यहाँको सरकारले बताए अनुसार यहाँ गएको २४ घण्टामा नै कम्तीमा पनि ६६१ जना सङ्क्रमितको निधन भएको छ ।

योसमेत गरी यहाँ अहिलेसम्म तीन लाख ३५ हजार ४१४ जनाको ज्यान गएको छ । रूसमा सबैभन्दा बढी सङ्क्रमित हुने स्थान राजधानी मस्को नै रहेको पनि यहाँका स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

रूसमा पछिल्लो समयमा विकसित भएको ओमिक्रोन भेरियन्टको प्रकोप बढेको पनि बताइएको छ ।

### भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा कम

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या एक लाखभन्दा कम भएको छ । महामारीको तेस्रो चरण शुरू भएपछिको पछिल्लो एक महीनापछि दैनिक सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा कम भएको आइतवार नै पहिलोपटक हो ।

कोरोना भाइरसको नयाँ भेरियन्टको रूपमा देखिएको ओमिक्रोन फैलिन थालेपछि सङ्क्रमितहरूको सङ्ख्या एकाएक बढेको थियो । सङ्घीय स्वास्थ्य मन्त्रालयले सोमवार बिहान सार्वजनिक गरेको विवरण अनुसार पछिल्लो २४ घण्टामा भारतमा ८३ हजार ८७६ जना सङ्क्रमित भएका छन् ।

सोही अवधिमा कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या भने एक लाख ९९ हजार ५४ रहेको छ । एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या दोब्बरभन्दा बढी रहेको छ । त्यसैले सक्रिय सङ्क्रमितहरूको सङ्ख्या पनि घट्दै गएको छ ।

भारतमा अहिले सङ्क्रमित अवस्थामैं रहेकाहरूको कुल सङ्ख्या ११ लाख आठ हजार ९३८ रहेको मन्त्रालयले जनाएको छ । उनीहरूका अनुसार पछिल्लो एक दिनमा भारतमा कोरोनाकै कारणले मात्रै ८९५ जनाको मृत्यु भएको छ ।

### पाकिस्तानमा कोरोनाका तीन हजार ३३८ जना नयाँ सङ्क्रमित

इस्लामाबाद/सिन्ह्वा

पाकिस्तानमा पछिल्लो २४ घण्टामा तीन हजार ३३८ जना नयाँ कोरोना सङ्क्रमित थपिएका छन् । सोही अवधिमा कोरोना सङ्क्रमणको कारण ३८ जनाको मृत्यु पुष्टि भएको नेशनल कमान्ड एन्ड अपरेशन सेन्टर (एनसिओसी)ले सोमवार जनाएको छ ।

पाकिस्तानमा कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या १४ लाख ६३ हजार १११ पुगेको छ । हालसम्म १३ लाख ४४ हजार ४०३ जना कोरोनामुक्त भएका छन् । सक्रिय सङ्क्रमितको सङ्ख्या ८९ हजार १९२ मा झरेको थियो, जसमा एक हजार ६८४ गम्भीर अवस्थामा रहेका बताइएको छ ।

एनसिओसीका अनुसार आइतवार भाइरससँग लड्दै ३८ जनाको मृत्यु भएसँगै कुल मृतकको सङ्ख्या २९ हजार ५१६ पुगेको हो । पाकिस्तानको दक्षिणी सिन्ध प्रान्त कोरोनाको अत्यन्त प्रभावित क्षेत्र हो । यहाँ पाँच लाख दुई हजार २६२ जना कोरोना सङ्क्रमित भएका छन् । त्यसपछि पूर्वी प्रान्त पञ्जाबमा चार लाख ८९ हजार ६५५ जना सङ्क्रमति भएका छन् ।

### अस्ट्रेलियामा पर्यटकका लागि सिमाना फेरि खुल्ला गर्ने निर्णय

सिड्नी/एएफपी

अस्ट्रेलियाले विदेशबाट आउने पर्यटकहरूका लागि सीमानाका फेरि खुल्ला गर्ने भएको छ । यही फेब्रुअरी २१ देखि विदेशबाट आउने पर्यटकहरूलाई पनि स्वदेश प्रवेश गर्न दिने निर्णय भएको प्रधानमन्त्री स्कट मोरिसनले सोमवार जानकारी दिएका छन् ।

कोरोना भाइरसको महामारीका कारण लामो समयदेखि पर्यटकहरूलाई प्रवेश निषेध गर्दै आएको अस्ट्रेलियाले प्रतिबन्धात्मक व्यवस्था खुकुलो बनाउँदै लगेको हो । अस्ट्रेलिया कोरोना महामारीबाट धेरै प्रभावित भएको र लामो समय विभिन्न प्रतिबन्धात्मक व्यवस्थाहरू लागू गरेको देशमा पर्दछ ।

“झन्डै दुई वर्षपछि विदेशबाट आउने पर्यटकहरूलाई प्रवेश दिने निर्णय भएको हो,” प्रधानमन्त्री मोरिसनले भने । राष्ट्रिय सुरक्षासम्बन्धी बैठकपछि प्रधानमन्त्री मोरिसनले सबै प्रकारका प्रवेशाज्ञा पाएकाहरूलाई अस्ट्रेलिया आउन दिने निर्णय भएको जानकारी दिए ।

उनले भने, “यदि तपाईंहरू कम्तीमा दुईपटक खोप लगाएको व्यक्ति हुनुहुन्छ भने हामी तपाईंलाई अस्ट्रेलिया आउन आमन्त्रण गर्दछौं ।” प्रधानमन्त्री मोरिसनले कोरोना भाइरसको महामारी थप फैलिन नदिने उद्देश्यले सन् २०२० को मार्चदेखि विदेशबाट पर्यटकहरू आउन नदिने निर्णय गरिएको बताए । त्यसपछि निरन्तर कोरोना भाइरसविरुद्ध लडिरहनुपरेकाले अहिलेसम्म पर्यटकहरूका लागि खुल्ला गर्न नसकिएको उनले स्पष्ट पारे । रासस

## क्यानडाको राजधानीमा सङ्कटकाल घोषणा

मोन्ट्रियल, २४ माघ/एएफपी

क्यानडाको राजधानी ओटावामा सङ्कटकाल घोषणा गरिएको छ । ट्रक चालकहरूको आन्दोलन अनियन्त्रित र हिंसात्मक बन्दै गएको भन्दै स्थानीय सरकारले सङ्कटकालको घोषणा गरेको हो ।

कोरोना भाइरसविरुद्धको खोप लगाउनुपर्नेलगायतका कतिपय प्रतिबन्धात्मक व्यवस्थाका विरुद्धमा ट्रक चालकहरूले केही दिनदेखि राजधानी केन्द्रित आन्दोलन गर्दै आएका छन् । ओटावाका नगरप्रमुख जीम वाट्सनले राजधानी शहर नियन्त्रणबाहिर गएकोले नियन्त्रणमा राख्नका लागि सङ्कटकाल घोषणा गरिएको जानकारी दिएका छन् ।

आन्दोलनकारी ट्रक चालकहरूले निरन्तर हर्न र साइरन बजाउने र पटाका पड्काउनेलगायतका क्रियाकलाप गरेर शहरवासीलाई आजित बनाएको उनले दाबी गरे । चालकहरूले सडकमा टेन्ट र गाडीहरू राखेर अवरोध सिर्जना गर्दा यातायात सेवा नै अस्तव्यस्त भएर नगरवासीलाई समस्या भएको छ । साथै आपत्कालीन सेवासमेत अवरुद्ध भएको उनको भनाइ छ ।

उनले सङ्कटकालको नियम नमान्ने र शहरमा अशान्ति मच्चाउनेलाई प्रहरीले गिरफ्तार गर्ने र कानूनी कारबाई गर्ने चेतावनी पनि दिएका छन् । रासस

## सीमा क्षेत्रमा पाँच पाकिस्तानी सैनिकको हत्या

इस्लामाबाद, २४ माघ/सिन्ह्वा

पाकिस्तान र अफगानिस्तानको सीमा क्षेत्रमा कम्तीमा पनि पाँचजना पाकिस्तानी सैनिकको हत्या भएको छ । पाकिस्तानको अफगानिस्तानसँगको सीमा क्षेत्रमा अफगानिस्तानतर्फबाट भएको आक्रमणमा परी पाँचजना पाकिस्तानी सैनिक मारिएका बताइएको छ ।

अफगानिस्तानतर्फबाट आतङ्कारीहरूले पाकिस्तानी सैनिक पोस्टमा हमला गरेका बताइएको छ । पाकिस्तानी सेनाले आइतवार प्रकाशन गरेको विज्ञप्तिमा अफगानिस्तानसँगको पाकिस्तानी उत्तरी सिमाना खैबर पाक्थुन्क्वामा सो हमला भएको हो ।

पाकिस्तानले आतङ्कवादीहरूले अफगानिस्तानको भूमि प्रयोग गरेकामा आपत्ति पनि प्रकट गरेको छ । पाकिस्तानी सेनाले आइतवार प्रकाशन गरेको विज्ञप्तिमा सो सीमा क्षेत्रमा भएको हमलामा परी पाकिस्तानी सेनाको तर्फबाट भएको कारबाईमा ठूलो सङ्ख्यामा आतङ्कारीहरू मारिएको बताइएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – सुयश |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुपराजय |
| धनु – ज्ञानोदय | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
वीरगंज महानगरपालिका

## नेप्सेमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, २४ माघ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले बढेको छ । आइतवार दोहोरो अङ्कले घटेको बजारमा सोमवार नेप्से परिसूचक १५.७१ अङ्कले बढेर दुई हजार ८५१.८८ मा पुगेको हो । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३.०५ अङ्कले बढेर ५३५.३२ मा पुगेको छ ।

नेप्से उकालो लागे पनि कारोबार रकम भने खासै बढेको छैन । कुल २२४ कम्पनीको ९५ लाख १२ हजार ५८० कित्ता शेयर रु पाँच अर्ब दुई करोड २० लाख १७ हजार १८१ मूल्यमा खरीद–बिक्री भए । सोमवारको कारोबारपछि बजार पूँजीकरण रु ४० खर्ब ३० अर्ब ७५ करोड ९६ लाख ६० हजार बराबर पुगेको छ ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये आज तीन उपसमूहको शेयर मूल्यमा ओरालो लागेको छ । यस्तै, १० उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ । बैंकिङ ३.७८, होटल तथा पर्यटन ४.२७ र लघुवित्त ४.३९ अङ्कले ओरालो लागेका छन् ।

त्यस्तै, व्यापार ७.५१, विकास बैंक २६.१५, जलविद्युत् ६.९१, वित्त ८.९२, निर्जीवन बीमा ७६.५, उत्पादन ३४.८७, अन्य ५४.१२, जीवन बीमा १२४.९६, सामूहिक लगानी कोष ०.०५ र लगानी २.९२ अङ्कले उकालो लागेका छन् ।

नेप्सेका अनुसार कारोबारका आधारमा नेपाल पूर्वाधार बैंक शीर्ष स्थानमा छ । सो कम्पनीको रु ४९ करोड ३४ लाख ४९ हजार ८३९ बराबरको कारोबार भयो ।

यस्तै, नेशनल हाइड्रोपावर रु २७ करोड ६६ लाख २५ हजार २९५, अरुण भ्याली हाइड्रोपावर रु २५ करोड १६ लाख ६४ हजार ७३२, नेपाल दूरसञ्चार कम्पनी रु २४ करोड ४८ लाख ५० हजार ८३१ र नेपाल लाइफ इन्स्योरेन्स रु २३ करोड ३० लाख १२ हजार ४०३ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेपाल पूर्वाधार बैंक ८.४२, छ्याङ्दी हाइड्रोपावर ६.८३, सानिमा लाइफ इन्स्योरेन्स ५.०४, नेशनल हाइड्रोपावर ४.६६ र बोटलर्स नेपाल तराईका लगानीकर्ताले ४.६१ प्रतिशतले कमाएका छन् । उता, बुद्धभूमि नेपाल हाइड्रोपावर ४.५७, सपोर्ट माइक्रोफाइनान्स ३.७१, साहस ऊर्जा २.६४, विन नेपाल लघुवित्त २.४६ र नेपाल लाइफ इन्स्योरेन्सका लगानीकर्ताले २.३९ प्रतिशतले गुमाएका छन् ।

## केडिया आँखा अस्पताललाई पङ्खा सहयोग



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २४ माघ/

सेन्चुरी कमर्शियल बैंकले केडिया आँखा अस्पताललाई पचास हजार मूल्य बराबरको बीस थान पङ्खा सहयोग गरेको छ ।

सामाजिक उत्तरदायित्व अन्तर्गत अस्पताल परिसरमा आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा पङ्खा हस्तान्तरण गरिएको अस्पतालका प्रशासन प्रमुख प्रकाशकुमार वर्माले जानकारी गराए । नेपाल नेत्र ज्योति सङ्घका वरिष्ठ उपाध्यक्ष श्याम पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका मधेस प्रदेश प्रबन्धक सुभाष शर्मा, वीरगंज शाखा प्रमुख शिवनाथ साह, केडिया आँखा अस्पताल सञ्चालक समितिका कोषाध्यक्ष प्रदीप केडिया, डा नितिन तुल्स्यान, गोविन्द गुरुङ, नेत्र अधिकृत श्रीकान्त साहलगायतको सहभागिता थियो ।

## ग्रीनपार्क स्थलको अनुगमन

नरेश यादव, पर्सागढी, २४ माघ/

मधेस प्रदेश सरकारले रु १६ करोड लागतमा पर्सागढी नगरपालिकामा स्वकीय सचिव श्याम चौधरीले बताए । उनले ग्रीन पार्कमा खेलमैदान, पर्यटकीय स्थलको अवधारणा रहेको बताए ।



तस्वीरः प्रतीक

निर्माण गर्न लागेको ग्रीन पार्क स्थलको प्रदेशसभा सदस्य राजेश्वर साह तेलीलगायतको टोलीले सोमवार स्थलगत अनुगमन गरेको छ ।

पर्सागढी नगरपालिका–३ बडनिहारमा डिभिजन वन कार्यालय अन्तर्गत सबडिभिजन वन कार्यालय, सबैयामा रहेको राष्ट्रिय वनको करीब २० बिघाभन्दा बढी जग्गामा मधेस सरकारले ग्रीन पार्क निर्माणको योजना अगाडि बढाएको प्रदेशसभा सदस्य तेलीका

ग्रीन पार्कलाई पर्यटकीय स्थलको रूपमा विकास गरिने मधेस सरकारको लक्ष्य रहेको उनले प्रस्ट्याए ।

अनुगमनमा नगरप्रमुख लोकनारायण यादव, उपप्रमुख अर्चना चौधरी, वडाध्यक्षहरू किसनदेव यादव, वेदमनदास थारू, समसुद्दीन शाह देवान, नेपाली काङ्ग्रेस बुथ समितिका सदस्य जङ्गबहादुरदास थारू, वार्डेन मनोज साह, वडासदस्य अरुणप्रसाद रेग्मीलगायतको सहभागिता थियो ।

## समाजवादी बौद्धिक शिविर पर्सा गठन

प्रस, वीरगंज, २४ माघ/

समाजवादी बौद्धिक शिविरको प्रथम राजनीतिक व्यवस्था कायम गर्न शिविर गठन गरिएको बताए । उनले नेपालमा



तस्वीरः प्रतीक

भेलाले शनिवार डा अजय यादवको अध्यक्षतामा ११ सदस्यीय पर्सा जिल्ला शिविर गठन गरेको छ ।

शिविरको सचिवमा दीक्षा सुवेदी र सदस्यहरूमा प्रमोद पाण्डे, रामनरेश यादव, हृदयमोहनलाल दास, शोभाकान्त झा, नन्दलालप्रसाद गुप्ता, सीता शर्मा, मञ्जु पण्डित, भागीरथी प्रकृति, बैधनाथ श्रमजीवी रहेका छन् ।

भेलामा केन्द्रीय सचिव रञ्जु रेग्मीले नेपाली समाजमा समाजवादी आर्थिक कुनै पनि कम्युनिस्ट पार्टी नरहेको बताउँदै विज्ञान प्रविधि प्रयोग गरेर उत्पादनमा जोडिएर अगाडि बढे मात्रै मुलुक आत्मनिर्भर बन्ने बताए ।

उनले यो शिविरले समाजवादी अर्थतन्त्र निर्माण गर्ने उद्देश्य लिएको बताउँदै उत्पादकले बिचौलियाविना आफ्नै समूहमार्फत उत्पादन बिक्री, वितरण तथा उपभोग गर्ने बताए । यसले गर्दा कुनै पनि उत्पादन उपभोक्ताले वर्तमान बजार भाउभन्दा निकै सस्तो पर्ने बताए ।

### कन्या क्याम्पस....

छात्रवृत्ति अक्षयकोष स्थापना गरेको छ । आगामी वैशाखसम्ममा कोषमा रु एक करोड ४० लाख पुऱ्याइँदै छ । पौडेलले भने, “हामी छात्रालाई आवश्यकता अनुसार निष्पक्ष ढङ्गबाट छात्रवृत्ति वितरण गर्दछौं ।” क्याम्पसका छात्रा दुईपटक देशमैं उत्कृष्ट भएको र धेरैपटक जिल्ला प्रथम भएको जनाउँदै उनले यहाँबाट उत्कृष्ट भएका सातजना छात्रा यही प्राध्यापक रहेको बताए । क्याम्पसमा प्राध्यापक, कर्मचारी गरी ७५ जनाले रोजगार पाएका छन् । क्याम्पसमा छात्रावास र यातायातको सुविधासमेत दिइएको छ ।

क्याम्पसले त्रिवि अनुदान आयोगद्वारा गुणस्तर सुनिश्चितता चक्र पूरा गरेको छ । प्रमाणपत्र पाउन बाँकी छ । जिल्लामा अन्य तीन क्याम्पसले मात्रै यो चक्र पूरा गरेका छन् । हालसम्म मैयादेवी र क्याम्पसकै आम्दानीबाट चल्दै आएको यस क्याम्पसमा यस वर्ष वाग्मती प्रदेश र भरतपुर महानगरपालिकाले आर्थिक सहयोग गरेका छन् । प्रशासकीय भवन, पुस्तकालय, ईलाइब्रेरी, मोज्याक टाइललगायत सहयोग प्राप्त भएको पौडेलले बताए । क्याम्पसकी संस्थापक संरक्षक सुश्री मैयादेवी श्रेष्ठ रहेकी छन् ।

### विकृति बढेपछि विद्युत्.....

आवेदकको विद्युत् महसूल बक्यौता हुनुहुँदैन ।

अन्य निकायका संरचना (दूरसञ्चार, केबुल, खानेपानी आदि)लाई असर पर्ने भए सम्बन्धित निकायको सहमति पेश गर्नुपर्नेछ । स्थानीय तहको अनुरोधमा विद्युतीय संरचना स्थानान्तरण गर्न लाग्ने खर्चको ७० प्रतिशत स्थानीय तहले र बाँकी तीस प्रतिशत प्राधिकरणले बेहोर्नेछ ।

व्यक्ति/संस्था/निकायको अनुरोधमा संरचना स्थानान्तरण गर्नुपरेमा त्यसको सम्पूर्ण खर्च सम्बन्धित आवेदकले बेहोर्नुपर्नेछ । लागत अनुमान रु पाँच लाखसम्म, रु पाँच लाखदेखि रु २० लाखसम्म र सोभन्दा माथि रहेको संरचना स्थानान्तरण कार्य आवेदकले रकम जम्मा गरेको क्रमशः तीन महीनादेखि एक वर्षभित्र सम्पन्न गरिनेछ ।

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


सरस्वतीमाताको मूर्ति नदीमा सेलाउन डिजे बजाउँदै जाँदै पर्सागढी नगरपालिका-४ का विद्यार्थी । तस्वीरः प्रतीक

# पर्सामा परम्परागत बाजा लोपोन्मुख

प्रस, सेढवा, २४ माघ/

पर्सामा विभिन्न समुदायको परम्परागत बाजा लोप हुँदैछ। आदिवासी जनजातिमा पर्ने थारू, तामाङ, नेवार तथा मधेसी समुदायको परम्परागत बाजा लोपोन्मुख हुन थालेका हुन् ।

परम्परागत बाजा अन्तर्गत मानर, डम्फू, हेला-खुर्दुक, ढाक-तासा, धुतुवा, बाँसुरी पर्दछन् । थारू कल्याणकारिणी समितिका केन्द्रीय सदस्य बृजमोहन चौधरीले विवाह तथा अन्य खुशीका कार्यक्रममा बाजा बजाइ रमाइलो गर्ने परम्परा रहेको बताए। उनले भने, प्रत्येक गाउँटोलमा यी बाजा बजाउने सीप भएका व्यक्तिलाई जिम्मेवारी दिइन्थ्यो ।

अहिले अधिकांश बाजा लोप भएको तर ढाक-तासा, हेला-खुर्दुक अझै समाजमा बजाइने गरेको चौधरीले बताए। यी बाजालाई विस्थापित गर्दै अहिले डिजे, बैन्डबाजा, सात सहेलियालगायतका आधुनिक बाजा समाजमा बजाउने चलन बढेको छ।


विवाहमा थारू समुदायको परम्परागत बाजा बजाइँदै । तस्वीरः प्रतीक

त्यस्तै, नेवार समुदायको परम्परागत बाजा धिनेबाजा पर्साबाट पूर्णरूपले विस्थापित भएको ठोरी गाउँपालिका-४ विजयबस्तीका अगुवा रामबहादुर श्रेष्ठले बताए । परम्परागत संस्कृति जोगाउन नेवार समुदायमा विभिन्न सङ्घसंस्था गठन गरिए पनि संस्थाहरूमा राजनीतिकरण हुँदा बाजाको संरक्षण हुन नसकेको श्रेष्ठले बताए । देश सङ्घीयतामा गए पनि जनप्रतिनिधिहरूले परम्परागत बाजाको संरक्षणका लागि केही गर्न नसकेको उनको आरोप छ।

तामाङ समुदायका अगुवा ठोरी गापा-५ सुवर्णपुरका भीमबहादुर पाख्रिनले पश्चिमी सभ्यता समाजमा हाबी भएको बताए। तामाङ समुदायको परम्परागत बाजा डम्फू, मुर्चुङ्गा, टुनालगायत बाजा पश्चिमी सभ्यताको प्रभावले लोप भएको पाख्रिनले बताए। विवाहमा पनि अहिले यी बाजाको प्रयोग कमै हुने गरेको उनको भनाइ छ। आक्कलझुक्कल यी बाजाको रेकर्डिङ बजाएर परम्परा जोगाउने काम भइरहेको पाख्रिनले बताए।

बाहुन-क्षत्री समुदायको परम्परागत पञ्चेबाजा तथा नर्सिंहा बाजा पनि लोप हुने अवस्थामा पुगेको ठोरी गापा-१ का अध्यक्ष रामप्रकाश कुँवरले बताए। उनले पञ्चे र नर्सिंहा बाजाको संरक्षणका लागि गापाले लगानी गरेको बताए । बाजा बजाउनेहरूको समिति बनाइ गापाले गत आव रु दुई लाख लगानी गरेको र सोबाट बाजा खरीद गरेको उनले जानकारी गराए।






# पर्साका बालबालिकालाई मोडर्ना खोप लगाइँदै

धर्मेन्द्र चौरसिया, पोखरिया, २४ माघ/

पर्सा जिल्लाका चौधवटै पालिकामा सोमवारदेखि कोरोनाविरुद्धको खोप लगाइएको र बाँकी १३ वटा पालिकामा आजदेखि १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकाहरूलाई खोप लगाउने कार्य

महानगरपालिकामा १२ देखि १७ वर्ष उमेरका बालबालिकाहरूलाई लगाइएको खोपको तथ्याङ्क प्राप्त नभएको उनले


तस्वीरः प्रतीक

लागिरहेको स्वास्थ्य कार्यालय, पर्साका निमित्त प्रमुख नवलकिशोर साहले बताए।

उनले वैशाख २०-२२ गतेसम्म वीरगंज महानगरमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा खोप शुरू भएको बताए। उनले महानगरका १७ देखि ३२ वडा र १३ वटा पालिकामा यो उमेर समूहका बालबालिकाहरूलाई मोडर्ना खोप लगाइरहेको बताए । पालिकाहरूमा २६ गतेसम्म यो खोप लाग्ने उनले बताए।

जानकारी गराए । पर्सा जिल्लाका १२ देखि १७ वर्ष उमेरका बालबालिकाहरूको लागि प्रदेश सरकारले ७८ हजार मात्रा मोडर्ना खोप स्वास्थ्य कार्यालयलाई उपलब्ध गराएको छ।

# लता मङ्गेशकरको निधनमा रक्सौलमा शोकसभा

राजेश केशरीवाल, रक्सौल, २४ माघ/

भारतकी स्वर कोकिला लता मङ्गेशकरको निधनमा सोमवार रक्सौलमा शोकसभा आयोजना भएको छ।

कपडा बैंक रक्सौलको आयोजनामा सम्पन्न शोकसभामा बैंककी निर्देशिका ज्योतिराज गुप्ताले महान् गायिका लता मङ्गेशकरको निधन भारत र सङ्गीतजगत्लाई अपूरणीय क्षति पुगेको बताइन्।

शोकसभामा कुमारी अपराजिता र रजनीशले स्व लता मङ्गेशकरको यादमा उनले गाएका गीत गाएका थिए। सभामा


तस्वीरः प्रतीक

शिखारञ्जन गुप्ता, सुमन, रेखा गुप्ता, ज्योति अग्रवाल, पूनम गुप्ता, गीता देवी, मधु सर्राफलगायतले श्रद्धाञ्जलि व्यक्त गरेका थिए।

# मुख्य प्रवेशद्वारको शिलान्यास

प्रस, रौतहट, २४ माघ/

गरुडा नगरपालिका वडा नं ५ महम्मदपुर टोलको मुख्य प्रवेशद्वारको शिलान्यास गरुडा नगरपालिकाका प्रमुख इन्नुराय यादवले गरेका छन्।

सोमवार गरुडा नगरपालिकाका प्रमुख यादवले मुख्य प्रवेशद्वार निर्माणको लागि विधिवत्रूपमा शिलान्यास गरेका हुन्।

आठ लाख रुपैयाँको लागतमा सो प्रवेशद्वार बन्ने उपभोक्ता समितिका अध्यक्ष रामबालकप्रसाद यादवले बताए। करीब दुई महीनाभित्र कार्य सम्पन्न गर्ने लक्ष्य रहेको उनले बताए।

महम्मदपुर टोलमा जाने मुख्य प्रवेशद्वार बनेपछि टोलको मुहारसमेत फेरिने नगरप्रमुख यादवले सो अवसरमा बताए । सो अवसरमा वडा नं ५ का अध्यक्ष जयमङ्गलराय यादव, नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबूराय यादवलगायत स्थानीयवासीको सहभागिता थियो।



# दलित मुसहरलाई कम्बल वितरण

प्रस, पंचगावाँ, २४ माघ/

पटेर्वासुगौली गाउँपालिकाका एमाले गरीब, विपन्न, दलित मुसहरहरूलाई समस्या भएको दृष्टिगत गरी ४५


तस्वीरः प्रतीक

कार्यकर्ता राजेशदास थारूले वडा नं ४ उत्तरसुगौलीमा दलित मुसहरहरूलाई कम्बल वितरण गरेका छन्।

जाडोको बेलामा उत्तरसुगौलीका जनालाई कम्बल वितरण गरेको उनले बताए। युवा नेता थारूले आफ्नो निजी खर्चबाट उक्त सामान वितरण गरेको बताएका छन्।


## जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चीसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विन्ध्यवासिनी गाउँपालिका
कार्यापालिकाको कार्यालय
पर्सा


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

## भारतले........

विदेश व्यापार निर्देशनालयले जारी गरेको सूचना अनुसार २०२१ डिसेम्बर ३१ सम्म मात्र नेपालबाट प्रशोधित तेल निर्यात हुने विज्ञप्ति जारी गरेपछि नेपाली व्यवसायीहरूले कोलकाता र विशाखापट्टनमलगायत बन्दरगाहबाट धमाधम कच्चा तेल ल्याइ प्रशोधन गरी हतारमा भारत निकासी गर्न बाध्य भएका थिए । तर फेरि भारत सरकारले नेपालबाट भारत निर्यात हुने प्रशोधित तेलको समयावधि २०२२ डिसेम्बर ३१ सम्म लम्ब्याउँदा अहिले नेपाली व्यवसायीहरू पछुतो मानिरहेका छन्।

नेपालबाट भारत प्रशोधित तेल निकासी गरेर मालामाल हुन थालेपछि नेपाली तेल उद्योगीहरूले उद्योगको क्षमता विस्तार गर्दै लगानी थपेका थिए भने केही नयाँ उद्योगहरू पनि स्थापना भएका थिए । वीरगंज-पथलैया औद्योगिक कोरिडोरमा करीब तेन्हवटा तेल उद्योग सञ्चालनमा छन् भने विराटनगर, भैरहवालगायत देशभरि साना-ठूला करीब तीसवटा उद्योग सञ्चालनमा छन्। नेपाली तेल उद्योगमा करीब १० अर्ब रुपैयाँभन्दा बढी लगानी छ।